Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- २७, २०७७ साल माघ २७ गते मंगलबार (Feb 9, 2021) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# खेत खन्ने आन्दोलन कहिले हुन्छ ?

- मोहन कार्की

काठमाडौं । नेपालमा दिनहु जसो आन्दोलन हुन थालेका छन् । त्यो पनि सरकारमा भएको पार्टीको विवाद नमिल्दा हजारौको संख्यामा मानिसहरु जम्मा गरेर सडकहरुमा प्रदर्शन भईरहेका छन् । ति शक्ति प्रदर्शन गर्न हिडेका मानिसहरुले पार्टीको झण्डा बोकेर फराउदा सडक नै रातम्यै हुन थालेका छन् । जुन झण्डा बनाउने कबडा किन्ने पैशाको हिसाव गर्ने हो भने नेपालमा मझौलास्तरको उधोग खोल्न पुग्ने रकमको झण्डा प्रयोग भएको हुनुपर्छ । त्यो सरकारमा रहेको पार्टी होस वा प्रतिपक्षमा रहेको सवै नेपालका पार्टीहरुले आफ्नो शक्ति प्रदर्शन गर्न यसै गर्ने गर्छन । यो बिकसीत राष्ट्रहरुमा हुदैन ।

हजारौको संख्यामा मानिसहरु नेताको भाषण सुन्न कोही शान्ति बाटिकामा कोही दरवार स्क्वायरमा अन्य शहरहरुमा त्यसैगरी भीड जम्मा भएको देखिन्छ । यसरी मानिसहरुलाई भाषण सुनाउन नेताहरुले आवाह्न गर्दा जो सुकै हजारौको संख्यामा जम्मा हुदा रहेछन् । नेताहरुले भाषण सुन्न शक्ति प्रदर्शन गर्न आओ आम हडताल गर्न आओ भन्दा मान्ने जनताहरुलाई नेपालका हरेक क्षेत्रमा बारीहरु बाझो भए त्याहा सामुहिक खेती गरौ भनि जम्मा भएर बाझो बारीहरु खन्न आओ भनि काम लगाउने हो भने नेपालको कृषि प्रधान देश भनेर रटाई रटाई पढाउने नेपालको शिक्षाले पनि सार्थकता पाउथ्यो होला ।

तर अहिलेसम्म नेपालमा त्यस्तो भएको छैन । यस्ता नेताहरुको एक



उर्दीमा हजारौको संख्यामा जम्मा हुने भीडलाईं खेत खन्न, बारी खन्न लगाएर अन्न उत्पादन गराउन प्रयोग गर्ने हो भने नेपालले बार्षिक झण्डै ७७ अर्वको खाद्यन्न बिदेशवाट आयात गरेर खानुपर्ने चलनको अन्त्य हुन्थ्यो होला यस्तो राम्रो कममा जनताहरु सहभागी भए हुन्थ्यो यो सम्भावनालाई आशा राखौं ।

राष्ट्रवादको नारा राम्रो काम अर्काको ।

नेपालमा राष्ट्रवादका नारा लगाउने पार्टीहरु काठमाडौंको गल्ली गल्छौरामा धेरै भेटिन्छन् । नारा असाध्यै राम्रो हुन्छ । काम अर्काले अप्रत्यासित रुपमा बनाईदिएको योजनामा फसेका हुन्छन् । तर भुगोलको बिषयमा अध्ययन गरेका बिद्यार्थी समेत भेटिदैनन् । वास्तविकता यस्तो छ ।

चिया पसलमा अफुलाई राष्ट्रवादको परिचय दिनेहरुको दिनचार्य नै अरु देशहरुलाई मनलाग्दी गाली गर्नु तोडफोड गर्नु त्यो उसले तोडफोड गरेको यातायातको साधन अर्को देशमा बन्छ । त्यो क्षति भएपछि पुन: नेपालले अर्को साधन किन्नुपर्छ त्यो पैशा त्यही देशमा जान्छ । जुन देशलाई ति राष्ट्रवादी भनाउदाहरुले गाली गर्छन् । त्यही देशमा हाम्रो पैशा जान्छ । उ धनि बन्छ । आन्दोलन गरिबस्ने हामीलाई घाटा हुन्छ । उसलाई नाफा । यस्तै गलत क्रियाकलाप गर्दै उधोग कलकारखाना बन्द गराएर जसले उनिहरुलाई बिरोध गर्न लागायो ति पार्टीका नेताहरुले त्यही देशवाट अराजाकता सृर्जना गराए बापत भत्ता बुझ्छन भन्ने ज्ञान नभएर नै होला आजसम्म त्यस्तै क्रियाकलाप भईरहेको छ । दिनभरी उप्रदो गरेर थाकिने गरी गाली गर्छन् बेलुका त्यही देशले फलाएको एककिलो तरकारी बोकेर निरास अनुहार लिएर घर पुग्छन् । यस्ता खालका मानिसहरुले नै राष्ट्रवादको कुरा गरिरहेका हुन्छन् । यस्तो खालको क्रियाकलाप गर्नेहरु राष्ट्रवादी भन्न सुहाउने खालका होईनन् ।

राष्ट्रवादको रुप फरक फरक सरकारमा रहेको बाँकी ८ पृष्ठमा

# निर्वाचन आयोगमा जिम्मेवारी बाँडफाँड

काठमाडौं । निर्वाचन आयोगले प्रमुख निर्वाचन आयुक्तसहित सबै आयुक्तहरुको कार्यविभाजन गर्दै जिम्मेवारी बाँडफाँड गरेको छ । आयोगको गत शुक्रबार बसेको पदाधिकारी बैठकले सबैको कार्यविभाजन गरेको हो । जसअनुसार दलीय विवाद, दल दर्ता सहित दल नियमनको जिम्मेवारी नवनियुक्त निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई दिइएको छ । उनले अब नेकपा भित्रको विवादका




विषयको निरुपणलाईसमेत अघि बढाउने छन् । आयोगले कानुनका क्षेत्रमा विशेष अनुभव भएकालेसमेत उनलाई सो जिम्मेवारी दिएको जनाएको छ । आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले आयोगमा दलीय विवादका बारेमा आएका पत्रलाई राजनीतिक दल सम्वन्धि र कानुन शाखासहित विभिन्न शाखाले अध्ययन गरेपछि आयुक्त भण्डारीलाई राय दिने र आयुक्त भण्डारीले अध्ययन गरेर आयोग बैठकमा पेस गर्ने, त्यसपछि आयोगले विवादको निरुपण के कसरी गर्ने विषयमा निणर्य लिने जानकारी दिए । नेकपाको प्रचण्ड-माधव समूहले गत २० माघमा पार्टीको आधिकारिकता माग दाबी गर्दै पत्र दर्ता गराइसकेको छ ।

# स्रोत र साधन अधिक सदुपयोग गरौं : ढकाल

दाङ । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले उपलब्ध श्रोत र साधनलाई सही रुपमा सदुपयोग गर्न नसक्दा विकास र सम्मृद्धिको यात्रामा पछि परेको बताएका छन् ।

शनिबार तुलसीपुर उद्योग वाणिज्य संघको २६औं साधारणसभा तथा भवन उदघाटनमा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले मुलुकभित्र अथाह प्राकृतिक श्रोत र साधनहरु हुँदाहुँदै पनि देश विकास र सम्मृद्धिको यात्रामा पछाडि परेको बताएका हुन् ।

हामीसँग प्रसस्त मात्रामा प्राकृतिक श्रोत र साधनहरु छन् । यसलाई हामीले सही रुपमा सदुपयोग गर्न सकिरहेका छैनौ । यी उपलब्ध श्रोत तथा साधनको सहीरुपमा सदुपयोग गर्न सकियो भने हामीले चाहेको विकास र सम्मृद्धि असम्भव छैन । यसकालागि राज्य र निजी क्षेत्रबीच सहकार्य पनि जरुरी



हुन्छ, उनको भनाई रहेको छ ।

कार्यक्रममा ढकालले निर्वाचनका समयमा गरिएका वाचाहरु पुरा गर्न आफू तत्पर रहेको र त्यसअनुसार काम गर्ने बताएका थिए । हुन त स्थानीय समस्याहरु समाधान गर्न तपाईहरु स्थानीय नेतृत्व नै पूर्ण सक्षम हुनुहुन्छ । तर हामीले निर्वाचनका समयमा गरेका वाचाहरु पुरा गर्नेछौं । तपाईहरुलाई भोगेका समस्याहरुको समाधानकालागि पहल गर्नेछौं र ती समस्या समाधान गर्नेछौं, बाँकी ८ पृष्ठमा

# पत्रकार महासंघको २२ औं साधारणसभा सम्पन्न

काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले विगत र वर्तमान समयमा पत्रकारिता क्षेत्रमा जन्मिएका समस्याको समाधान गर्न सधैं तयार रहेको बताएका छन् । नेपाल पत्रकार महासङ्घ काठमाडौं जिल्ला शाखाको २२औं साधारणसभा उद्घाटन समारोहमा उनले आफ्नै पालामा दीर्घकालिन रुपमा पत्रकारको समस्याको समाधान गर्ने बताएको हो । पत्रकार समाज रुपान्तरणको




मुख्य अङ्ग भएकाले रचनात्मक तरि काबाट बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### कहिल्यै नचेत्ने नेपालीको बानी सुधारौं

नेपाल देशका नेपालीहरु आज लाखौंको संख्यामा बिदेशमा काम गर्न गईरहेका छन् । त्यो नेपालका नेपालीहरुको बाध्यता पनि हो । तर त्यो परिस्थिति आउनुमा सबै नेपालीहरु उत्तिक्कै जिम्मेवार छौं । त्यो किनभने नेपालमा उधोग, कलकारखाना, ब्यापार, ब्यवसाय नफष्टाए पनि राजनीतिक नामको आन्दोलन उधोग जस्तै गरी फस्टाएकै छ । यो पटक पटक नेपालमा आन्दोलनको नाममा अस्थिरता मच्चाउने योजनामा नेतृत्व गर्न जो जो लागेका छन् । उनिहरुले कुनै उधोग खोल्नु पर्दैन । किनकी उनिहरुको आजको भोलि उन्नति,प्रगति भएको देखिन्छ । तर जो जो नेपालमा परिवर्तन हुन्छ भनेर त्यो आन्दोलन गर्न उक्साएकै भरमा आन्दोलनमा सहभागी हुने गरेका छौ ।

ति आन्दोलनहरुले नेपालमा अस्थिरता मच्चाउन त सफल भए तर देशको पक्षमा र जनताको जीवनस्तरमा कहिल्यै परिवर्तन भएन । उनिहरुको पछि लाग्नेहरु पछि लागेको लाग्यै भईराखे, पटक पटक राजनीतिक पार्टीहरुले भुक्याउदा भुक्कीरहने र नेपालका उधोग कलकारखाना बन्द गराएर नेपालीलाई बेरोजगार बनाउने योजनाले जहिले प्रशय पाइराख्यो अझैपनि परिवर्तनको नाममा त्यस्तै आन्दोलन उठाउन नेपालका राजनीतिक पार्टीहरु लागिरहेका छन् । पटक पटक भुक्याई सकेका पार्टीहरुको पछि लागेर समय बर्वात गरिरहेका नेपालीहरुले आफ्नो बानी सुधार गर्नुपर्ने देखिन्छ ।

नेपालमा भएका आ[illegible]ना उधोगहरु बन्द भएपछि भारतवाट आउने सामानहरु वेलावेलामा रोकेर दुःख दिएको नेपालमा राजनीतिक अस्थिरताको कारण देखाएर भारतले नाकाबन्दी लगाएको र त्यो नाकाबन्दीका कारण नेपालीहरुले पाएको दुःख पीडा नेपालीहरुको लागि कहिल्यै नबिर्सने खालको थियो । छ ।

त्यस्तो मानवबिरोधि कार्य गर्दा ईख सम्भेर पनि हामी नेपालीहरुले आफ्नो देशभित्र उत्पादन गर्न सक्ने उधोगहरु नेपालमा मै खोलेर रोजगार सृर्जना गर्नुपर्ने थियो । त्यस्तो काम अहिलेसम्म कसैले पनि गरेको भेटिदैन । बरु उल्टै नेपालमा कुनै उधोग, कलकारखानहरु नखुलुन भनेर बिदेशी शक्तिहरुले बनाईदिएको योजनामा नेपाललाई अस्थिरतामा धकेल्ने गरी आन्दोलन मात्र गर्ने परिपाटी पुरानै तरिकामा जहिले पनि नेपालमा भईरहेको छ । त्यो काम राजनीतिक पार्टीको नामवाट ती बिभिन्न पार्टीका नेताहरुले आन्दोलन गराएर अस्थिरता उत्पन्न गराईरहेका छन् ।

त्यस्ता आन्दोलनहरुले नेपालको हित नभएको र सधैं आन्दोलनमात्र गरिरहदा देशको अर्थतन्त्र धारासायी भएको छ । यस्ता गलत आन्दोलनहरुलाई पनि जनताले साथ दिएकै कारण पटक पटक त्यही खालका भुटको खेती गर्ने आन्दोलनहरु गर्न नेताहरु तम्सिरहेका छन् । यस्ता आन्दोलन सदाको लागि अन्त्य गर्न जनताको चेत पनि खुल्नुपर्छ र देशलाई अर्थतन्त्रमा नोक्सान पुऱ्याउने आन्दोलनलाई निरुत्साहित गर्नुपर्छ । यसरी नेपालीहरुको आन्दोलन मात्र गर्ने बानी सुधारेर उत्पादन, सृर्जनात्मक, रचनात्मक काम गर्दै नेपालको भबिष्य सुरक्षित गर्न सबै लाग्नुपर्ने देखिन्छ ।

# पत्रकारलाई हेर्ने आँखा सफा हुनुपर्छ

मोहन कार्की



नेपालको आम सञ्चार र पत्रकारिता क्षेत्रको ईतिहास त्यति धेरै लामो छैन । सन् १९५८ बैशाख २४ गतेवाट नेपालमा गोरखापत्र पत्रिकाको स्थापना भएको पाईन्छ । तर त्यतिवेलाको राणा शासनकालमा स्वतन्त्र ढंङवाट सवैको बिचार अटाउन सकिन्थ्यो भन्ने भनाई त्यतिवेलाका मानिसहरुले भनेको, लेखेको, अहिले हामीले पढ्न पाउछौं ।

त्यसैगरी छापाखानाको शुरुवात राणा शासन कालमा जङ बहादुर राणाले बेलायत भ्रमणवाट फर्कदा गिद्धे हात्ते प्रेस बोकाएर ल्याएको प्रेसलाई पहिलो मानिन्छ । त्यही समयमा राजनीतिक कारणहरु जोडेर भारत प्रवासमा रहेका केही ब्यक्तित्वहरुले पनि साप्ताहिक पत्रिका भित्ते पत्रिका प्रकाशन गरेको भन्ने भनाई सुनिन्छ । नेपालको पत्रकारिता क्षेत्रका पहिलो पुस्ताले लेखेका लेखहरुमा त्यो पढ्न पाईन्छ । अरु जे जे भए पनि नेपालमा औपचारिक रुपमा स्थापना भएको पहिलो पत्रिका गोरखा पत्र त्यतिवेलाको पाक्षिक, साप्ताहिक हुदै २०२० सालवाट दैनिकको रुपमा प्रकाशन हुदै आएको हालको सरकारी संस्थानको रुपमा रहेको नै पहिलो पत्रिका हो ।

पत्रकारिता क्षेत्रका उतरचढावहरु

नेपालमा सन् १९९३ मा प्रजा परिषदको स्थापना सँगै राणा शासन बिरुद्ध आवाज उठाउन थालिएको ईतिहाँस छ । इतिहास बिदहरुको भनाई अनुसार प्रजा परिषदको नामवाट बिभिन्न शहरमा फालेका पर्चा नै पहिलो सञ्चारको पर्चा भएको भनाई छ । त्यतिवेला राणा शासन बिरुद्ध लेखिएको पर्चा भएको हुनाले प्रर्चा बनाउने मानिसको राणाहरुले धेरै नै खोजि गरेका थिए रे । त्यसपछि २००७ मा स्थापना भइएको प्रजातन्त्र कालमा पनि स्वतन्त्र पत्रकारिताको अभ्यास हुन सकेको देखिदैन । तर २००७ सालपछि नेपालमा नै पत्रपत्रिका प्रकाशन हुन थालेको र केही आधुनिक प्रेसहरु पनि आशिंक रुपमा भित्रण थालेको हुनाले पत्रकारिता क्षेत्र अलि खुकुलो भएको मानिन्छ । त्यतिवेला कानुनी ब्यवस्था नभएको हुनाले पत्रपत्रिकाहरुले आधिकारिता पाएका थिएनन् । नेपालका पञ्चायती ब्यवस्थामा पनि पत्रपत्रिका माथि बन्देज नलाएपनि पञ्चायत बिरुद्ध लेख्न नपाईने नियम कडा रुपमा थियो रे जसले गर्दा स्वतन्त्र पत्रकारिताको बिकास हुन सकेको थिएन ।

२०४६ सालको आन्दोलन पछि बनेको बहुदलीय ब्यवस्था र संविधानले नै पत्रपत्रिका, आम सञ्चारको बिकासमा बैधानिकता दिएर दर्ता गरी ब्यवसायिक स्वतन्त्र दिएपछि नेपालमा बिचार प्रवाहको बाढी नै आएको छ । यो पत्रकारिता क्षेत्रको इतिहासमा राम्रो पक्ष मानिन्छ ।

तर पनि आफ्नो पक्षमा पत्रकारहरुले लेखेनन् भनेर बहुदलीय ब्यवस्था स्थापना गर्न भुमिका खेलेकाहरुले समेत पत्रकारहरु माथि दलीय स्वार्थ राखेर भेदभाव गरिरहेका थिए । आज सम्म पनि त्यसको अवशेष कताकतै बाकी नै छ । जसको कारण थुप्रै पत्रकारहरु जनयुद्धकालमा द्वान्द्वको दुईतर्फी चपेटामा परेर धेरैले ज्यान गुमाएका थिए । कतिपय बेपत्ता समेत बनाइए । तै पनि आम सञ्चार क्षेत्र सागुरियन अन्धकारमा रहेको संसारमा उज्यालो छर्ने काम आम सञ्चार जगतले गर्ने भएको हुदा कहिल्यै ननिभ्ने गरी छरिएको प्रकाश बनेको छ आम सञ्चार नेपालमा । यसरी नेपालको पत्रकारिता क्षेत्र फराकिलो बन्दै गएको छ । यो सकरात्मक पक्ष हो । त्यो सँगसँगै आम सञ्चार र पत्रकारिताको क्षेत्रमा देखिएका समस्याहरु र सुधार गर्नुपर्ने थुप्रै कामहरु पनि रहेका देखिन्छन् । त्यो काम आम सञ्चार क्षेत्रको अनुभव भएका र त्यसै क्षेत्रसँग सम्बन्धित भएका भुक्तभोगी ब्यक्तिहरुले मात्र गर्न सक्छन् ।

बर्तमानमा देखिएका पत्रकारिता क्षेत्रको समस्या

पत्रकारिता क्षेत्र निष्पक्ष, स्वतन्त्र, भयरहित ,जनपक्षीय, हुनुपर्छ । त्यसका निम्ति नेपालको नियामक निकाय प्रेस काउन्सिल नेपालले पत्रकारले के गर्नु हुन्छ । के गर्नु हुदैन भनेर आचार संहिता नै बनाएको छ । यो आचार संहिता जो नेपालका स्वदेशी लगानीमा सञ्चालित पत्रपत्रिकाहरु छन् । उनिहरुले पालना गरेका पनि छन् । जस जसले पत्रपत्रिका नेपालको बिधि, बिधानमा रहेर प्रकाशन गरेका छन् । उनिहरुले पनि त्यो पालना गरेको देखिन्छ । छिटफुट अन्यथा भए बाहेक ।

बिज्ञान प्रविधिमा आएको नयाँ नयाँ सञ्चारको प्रयोगमा पनि नेपालका पत्रकारहरु पछि पर्ने कुरै भएन । पछिल्लो समय अनलाईन, युटुव, सामाजिक सञ्जाल प्रयोग गर्ने सञ्चारकर्मीहरु, बढेका छन् । पाठक पनि त्यही स्तरमा बढेका छन् । तर

> २०४६ सालको आन्दोलन पछि बनेको बहुदलीय ब्यवस्था र संविधानले नै पत्रपत्रिका, आम सञ्चारको बिकासमा बैधानिकता दिएर दर्ता गरी ब्यवसायिक स्वतन्त्र दिएपछि नेपालमा बिचार प्रवाहको बाढी नै आएको छ । यो पत्रकारिता क्षेत्रको इतिहासमा राम्रो पक्ष मानिन्छ । तर पनि आफ्नो पक्षमा पत्रकारहरुले लेखेनन् भनेर बहुदलीय ब्यवस्था स्थापना गर्न भुमिका खेलेकाहरुले समेत पत्रकारहरु माथि दलीय स्वार्थ राखेर भेदभाव गरिरहेका थिए । आज सम्म पनि त्यसको अवशेष कताकतै बाकी नै छ । जसको कारण थुप्रै पत्रकारहरु जनयुद्धकालमा द्वान्द्वको दुईतर्फी चपेटामा परेर धेरैले ज्यान गुमाएका थिए । कतिपय बेपत्ता समेत बनाइए । तै पनि आम सञ्चार क्षेत्र सागुरियन अन्धकारमा रहेको संसारमा उज्यालो छर्ने काम आम सञ्चार जगतले गर्ने भएको हुदा कहिल्यै ननिभ्ने गरी छरिएको प्रकाश बनेको छ आम सञ्चार नेपालमा । यसरी नेपालको पत्रकारिता क्षेत्र फराकिलो बन्दै गएको छ । यो सकरात्मक पक्ष हो । त्यो सँगसँगै आम सञ्चार र पत्रकारिताको क्षेत्रमा देखिएका समस्याहरु र सुधार गर्नुपर्ने थुप्रै कामहरु पनि रहेका देखिन्छन् । त्यो काम आम सञ्चार क्षेत्रको अनुभव भएका र त्यसै क्षेत्रसँग सम्बन्धित भएका भुक्तभोगी ब्यक्तिहरुले मात्र गर्न सक्छन् ।

जो नेपालको कानुन भन्दा बाहिर रहेर सामाजिक सञ्जाल, अनलाईन, युटुव, पत्रपत्रिका दर्ता नै नगरी सञ्चालन गरिरहेकाहरुले प्रशारण गरेका अनलाईन, युटुव, अन्य सामाजिक सञ्जालको प्रयोग गर्दा पत्रकारिताको मर्म, भावना, उदेश्य भन्दा फरक ढंङगले प्रस्तुत हुने र आम पाठक, स्रोता, ग्रहकले पनि त्यो पत्रकारले गरेको भनेर बुझ्दा सिंगो पत्रकारिता जगतमा असर पर्ने गरेको छ । जसले गर्दा पछिल्लो समयमा पत्रकारहरुमाथि हेर्ने समाजको दृष्टिकोण फरक बन्दै गएको हुनाले बास्तविक आम सञ्चारको क्षेत्रमा आएको समस्यालाई पत्रकारहरुले नै सावधानको उपायहरु अपानाउनु आजको आवाश्यक्ता देखिन्छ ।

यो समस्यको सावधान अन्य क्षेत्रमा गएर खोज्न सकिदैन ।

यो समस्या बिगतका स्वतन्त्र पत्रकारिता गरेका अग्रज, अहिलेका प्रबिधि अपनाएका दक्ष टेक्नोलोजिक्सटहरु र सामाजिक सञ्जालको प्रयोगको ज्ञान भएका पत्रकारहरुको सञ्जाल पत्रकार महासंघमा आबद्ध थुप्रै पत्रकार छन् । होलान् । उनिहरुको ज्ञान, अनुभव, र नेपालको सञ्चार क्षेत्रको नेतृत्व गर्ने आधिकारिक संञ्चार मन्त्रालय, सुचना तथा प्रविधि बिभाग लगायत सँगको सहकार्यमा पत्रकार महासंघको भुमिका र निरन्तरता दिएर परिणाम आउने गरी काम गर्नुपर्ने देखिन्छ । यो काम पत्रकार महासंघ महासंघमा अबद्ध काठमाडौ जिल्ला शाखा जाहा १७ सय भन्दा बढी सदस्य भएको जिल्ला शाखाले यो कामको थालनी गर्न सकेमा सिंगो नेपालका पत्रकारहरुको बिषयमा उठेका प्रश्न हल गर्न सक्छ भन्ने मेरो बुझाई हो ।

अर्को नेपालका आम पाठकहरु जो निरन्तर आम सञ्चार क्षेत्रको बारेमा ताजा जानकारी अर्थात अपडेट भईरहनु भएका पाठकहरुले पनि आम सञ्चारको क्षेत्रमा देखिने गरेका स-सना त्रुटीलाई सफा आखाले हेरिदिने हो भने आक्कल झुक्कल पाठकमा पर्न जाने भ्रम पनि निराकार भएर जान्छ । त्यसकारण नेपालको पत्रकारिता क्षेत्रले कुना कुनामा रहेका सुचनाहरु खोजेर ल्याउछन् । जानकारी गराउछन् ।

रात र दिन भन्दैनन् सत्य र निष्पक्षताको बकालत गरिरहन्छन् । देशको सामाजिक सदभाव बिग्रन खोज्दा राष्ट्रिय एकता कायम गराउन आम सञ्चारको भुमिका नै महत्वपुर्ण हुन्छ । त्यो काम आम सञ्चारको क्षेत्रले गरिरहेको छ । अपवाद प्रयोजित पत्राकारहरु बाहेकले नेपालको अहितमा कसैले काम गरेका छैनन् । त्यस्ता काम गर्नेहरुलाई पत्रकार महासंघ, प्रेस काउन्सिल नेपालको अनुगमन र प्र्यासमा नियन्त्रण हुदै आएका छन् । ति कामहरु आउदा दिनमा अझै क्षमता बृद्धि गरेर नेपालको सञ्चार जगतलाई फराकिलो बनाउन दक्ष, सक्षम अन्तराष्ट्रिय स्तरसमेत नेपालको आम सञ्चार जगत नमुना बन्न पुग्ने गरी काम गर्नु आजको आवाश्यकता देखिन्छ ।


हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश-विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



कमान सिं तामाङ
अध्यक्ष



कृशला घिसिङ
उपाध्यक्ष

दोरम्बा गाउँपालिका परिवार
टोकरपुर, रामेछाप

# संस्थामा हुर्किएका बालबालिकालाई नागरिकताबारे समस्या

काठमाडौं । संयुक्त नेपाल अनाथ असाहय बालबालिका समाजले आयोजना गरेको पत्रकार सम्मेलन आज चण्डोलमास्थित ग्रीन हट लन्च एण्ड क्याफे उइथ ब्यानक्युटमा सम्पन्न भएको छ । उक्त कार्यक्रम संयुक्त नेपाल अनाथ तथा असाहय बालबालिका समाजका अध्यक्ष भवानी सुवेदीको सभापतित्वमा भएको थियो । पत्रकारहरुलाई कोभिडपछि संयुक्त नेपाल अनाथ तथा असाहय बालबालिका समाजले आउदा दिनमा गर्ने कार्यक्रमको बारेमा जानकारी गराइएको थियो । कार्यक्रमकी बिशेष अतिथि रहेकी साहारा असाहय बाल गृहकी ईश्वरी गुरुङले असाहाय, अनाथ बालबालिकालाई लालन, पालन, शिक्षा, दिनुभन्दा कानुनी रुपमा उनिहरुले प्रप्त गर्नुपर्ने जन्मदर्ता, नागरिता जस्ता समस्या निक्कै ठुलो रहेको र त्यो समस्याले गर्दा बालगृहमा रहेका कतिपय बाल बालिकाले कक्षा ८ पुगेपछि उसले जन्मदर्ता पेस गर्न नसक्दा शिक्षावाट बञ्चित हुनुपर्ने समस्या जटिल रहेको बताएकी थिईन् । उनले त्यस्ता अविभावक बिहिन बालबालिकालाई की सरकारले अविभावक बनिदिनुपर्‍यो कि संस्थाले गरेको सिफारिसको आधारमा बालगृहमा हुर्केका पढ्दै गरेकाहरुलाई उच्च शिक्षा हासिल गर्ने वाटो खोलिदिन सम्बन्धित निकायमा पत्रकारहरु मार्फत पुर्‍याईदिन आग्रह गरेकी थिईन् ।

त्यसैगरी कार्यक्रमका बिशेष अतिथि जन आकाश मिडिया प्रा.लि.का अध्यक्ष तथा जन आकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीले सामाजिक काम गर्नु निक्कै चुनौति रहेको र यो चुनौति सामना गरेर अनाथ, असाहाय बालबालिको हितमा काम गर्न सफल संस्थालाई सम्मान तथा आभार ब्याक्त गरेका थिए भने उनले थप्दै भनेका थिए सघर्ष गरेर आएका बालबालिका नै देशको महत्वपुर्ण क्षेत्रमा काम गर्न सक्छन् त्यो काम बिगतमा पनि संस्थाहरुले उत्पादन गरेका बालबालिका आज महत्वपुर्ण ठाउँहरुमा पुगेका छन् ।

कार्यक्रमा पत्रकारहरुको जिज्ञासाको उत्तर दिदै राजित श्रेष्ठले ३ बर्ष अगडी स्थापना भएको संस्थाले बिभिन्न सामाजिक काम गदै आएको र कोभिडको समयमा पनि मानवीय सहयोग गरेर काम गरेको अनुभव सुनाएका थिए साथै उनले कोभिड पछि दाताहरुवाट जम्मा हुदै गरेको रकमलाई कसरी सामाजिक काममा लगाउने र ठुलो क्षेत्रफलमा बोडिङ स्कुल स्तरीय भवन निर्माण गर्ने र ति अनाथ बालबालिकालाई पीडितहरुको समुहमा छौ भन्ने अनुभुति नहोस भनेर त्यो भवन निर्माण तयारी गरिरहेको पनि जानकारी गराएका थिए । त्यस संस्थाका उपाध्यक्ष दिपक साउदले संस्थाको तर्फवाट उत्कृष्ट मन्तव्य दिदै सवैलाई धन्यवाद ब्याक्त गरेका थिए । कार्यक्रमको सञ्चालन कोषाध्यक्ष उज्वल अधिकारीले गरेका थिए ।




# ठगी गरेको अभियोगमा पक्राउ

झापा । अनलाईनबाट चित्ता परेको सामग्री तथा पैसा भन्सारबाट छुटाउन ट्याक्स लाग्छ भन्दै विभिन्न बैंकहरुको खाता नम्बर दिएर पैसा ठगी गर्ने गरेको अभियोगमा अर्जुनधारा नगरपालिका ९ स्थायी ठेगाना भएका २९ वर्षीय पंकज पौडेली विकलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । महानगरीय अपराध महाशाखा मिनभवन काठमाडौंको सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बिर्तामोड झापाबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा झापा बिर्तामोड नगरपालिका २ चारपानेबाट पंकजलाई पक्राउ गरेको हो । उनको साथबाट नगद ३ लाख ५६ हजार ७ सय १० रुपैयाँ, १ थान सवारी दर्ता किताब, विनोद काफ्लेको नामको सवारी चालक अनुमतिपत्र, अनिल बस्नेत नामको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी, पंकज पौडेलीको नामको नागरिकताको प्रतिलिपी पंकजको घरबाट नगद २ लाख ८ हजार २ सय र उनको घर पछाडि रहेको गाई ग्वालीको गोवरको थुप्रोभित्र फेला परेको छ ।


हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



वीर सिंह तामाङ
सचिव

नेकपा(माले), सिन्धुपाल्चोक

हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




प्रेम बहादुर तामाङ
अध्यक्ष

खाँडादेवि गाउँपालिका परिवार
माकादुम, रामेछाप

हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




प्रविन तामाङ
सचिव, बागमती प्रदेश

प्रगतिशील युवा संघ नेपाल

हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



वीर सिंह तामाङ
समाजसेवी

धुनीवेसी न.पा. १, धादिङ

# बैंकहरुसँग शेयर लगानीको विवरण माग

काठमाडौं । नेपाल राष्ट्र बैंकले विकास बैंकहरुसँग शेयर लगानीको विवरण माग गरेको छ । राष्ट्र बैंकको विकास बैंक सुपरिवेक्षण विभागले सबै विकास




बैंकहरुसँग विकास बैंकहरुले पीएमएस मार्फत गरेको शेयर लगानीको विवरण माग गरेको हो । राष्ट्र बैंकले कुन विकास बैंकले कुन कुन कम्पनीको शेयरमा कति लगानी गरेका छन् भन्ने विवरण माग गरेको हो । विकास बैंकहरुले राष्ट्र बैंकले मागे अनुसार कै विवरण राष्ट्र बैंकमा पठाईसकेको बताएका छन् । एक विकास बैंकका प्रमुख कार्यकारी अधिकृतले बिजपाटीसँग भने राष्ट्र बैंकले पीएमएस मार्फत गरिएका शेयर लगानीको विवरण माग गरेको थियो, ति विवरण हामीले पठाई सकेका छौं । उनका अनुसार राष्ट्र बैंकले लघुवित्त क्षेत्रको मात्र नभई लगानी गर्न मिल्ने सबै क्षेत्रमा गरिएको शेयर लगानीको विवरण माग गरेको हो । राष्ट्र बैंकका विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशन ऋषिकेश भट्टले ति विवरण माग गरिएको पुष्टि गरेका छन् । उनले विकास बैंकहरुको शेयर लगानीको अवस्था बुझ्नको लागि मात्र विवरण माग गरिएको बताए । उनले भने यो कारवाही गर्ने वा लगानी गर्न बन्देज गर्ने विषय सँग सम्बन्धित विषय होइन, हामीले स्थिति बुझ्नको लागि मात्र विवरण माग गरेका हौं ।

# एनसीसी बैंकको २५ लाख कित्ता शेयर लिलाममा बिक्री

काठमाडौं । एनसीसी बैंक Nepal Credit & Commerce Bank Limited ले २५ लाख कित्ता संस्थापाक शेयर लिलाममा ल्याएको छ । बैंकले हालका स्नास्थापक शेयरधनी र अन्य जो कोहि व्यक्ति, फर्म, कम्पनी तथा संगठित सन्ताले आवेदन दिन सक्ने गरि ति शेयर लिलाम बिक्रीमा ल्याएको हो ।

लिलामीको शेयरमा फागुन २ गतेदेखि फागुन ११ गतेसम्म आवेदन दिन सकिने छ । बैंकल ति शेयरको न्युनतम मूल्य प्रति कित्ता १४० तोकेकोले सो वा सो भन्दा बढी रकम कबुल गरेर शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने छ । आवेदन दिँदा न्युनतम १ हजार कित्ता र अधिकतम पुरै २५ लाख कित्ताको लागि आवेदन दिन सकिने बैकले जारी गरेको सुचनामा उल्लेख छ । आवेदन दिनको लागि कालोसूचीमा नरहेको पत्र, कर चुक्ता प्रमाणपत्र, आयको स्रोत विवरण, स्व घोषणा विवरण, र राष्ट्र बैंकले तोकेबमोजिमको फिट एण्ड प्रपर टेस्टको फारम पनि पेश गर्नु पर्ने छ । शेयर लिलामको लागि सनराइज क्यापिटल बिक्रि प्रबन्धक रहेको सुचना प्रकाशित गरिसकेको छ ।

# कामना सेवामा कन्ट्याक्टलेस कार्डको सुरुवात

काठमाडौ । कामना सेवाविकास बैंकले ग्राहकहरुको हितलाई मध्यनजर गर्दै कन्टयाक्टलेस भिसा डेविट कार्डको सञ्चालनमा ल्याएको बैकले जनाएको छ । Near Near Field Communication NFC मा आधारित उक्त कार्ड NFC युक्त अर्थात ट्याप सुविधा भएको POS मेसिनहरुमा प्रयोग गर्न सकिन्छ । यस प्रविधिमा मेसिन भित्र कार्ड नराखी एउटा सिमित दुरीबाट एइक मेसिनमा ट्याप मात्र गरी भुक्तानी गर्न सकिन्छ । यो प्रविधी सरल एवं सहज हुनुका साथै हालको कोभिडको जोखिममा कसैसगँ नछोइकन कारोबार गर्न सकिन्छ । हाललाई यस प्रविधि मार्फत प्रति कारोबार दुई हजार रुपैयाँसम्म बिना पिन कारोबार गर्न सकिने बैकले जानकारी दिएको हो ।

# कृषि विकास बैंकको शाखा सिद्धार्थनगर र मझगाँवामा

कृषि विकास बैंक लि. शाखा सिद्धार्थनगरबाट २४ गते शनिबारका दिन भिम अस्पताल भैरहवाको परिसरमा रहेका ATM मेसिनको बैकका प्रमुख कार्यकारी अधिकृत अनिल कुमार उपाध्याय तथा रुपन्देही जिल्ला समन्वय समितका प्रमुख एकराज बि.क.ले सयूक्त रुपमा समुदघाटन गर्नुभयो । सोही अस्पतालकी मे.सु. डा.सकुन्तला गुप्ता, बैंकका उपमहाप्रवन्धक प्रताप सुवेदी, विभागिय प्रमुख निर्मल प्रसाद उपाध्याय, प्रदेश कार्यालय भैरहवाका निर्देशक जगदिश्वर पन्थी, लगायत सामाजिक व्यक्तित्व, बैंक, अस्पतालका कर्मचारी, ग्राहक र सेवाग्राह्नी को उत्साहजनक उपस्थिती रहेको थियो । सो अवसरमा कृषि विकास बैंक लि. शाखा सिद्धार्थनगरका प्रवन्धक बाबुराम खत्रीले स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा भिम अस्पताल भैरहवाकी मे.सु. डा. सकुन्तला गुप्ताले आफ्नो मन्तव्यका क्रममा साईकल, ठेलागाडा, रिक्सामा विर ामी ल्याउने निम्न आय स्तर भएका जनताको सेवा गरिरहदा अस्पतालको आन्तरिक स्रोतले आधुनिक उपकरणहरु खरीद गर्न नसकिएको अवस्थामा कृषि बिकास बैंकले भिम अस्पताल भैरहवालाई सामाजिक उत्तरदायित्व अन्तरगत Degital X-Ray मेसिन हस्तान्तरणले यस अस्पतालको सेवामा महत्वपूर्ण योगदान पुगेको छ ।

# नाट्राको भवननिर्माणमा सहयोग ग्राहकलाई प्याकेज

काठमाडौं । आइएमई ट्राभल्सले आफ्नो २५ औं वार्षिकोत्सवकाअवसरमा नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल्स (नाट्टा) को कार्यालय प्रयोजनार्थ निर्माणाधीन भवनको सहयोगका लागि रू. १ लाख ५१ हजार १ सय ११ रूपैयाँको चेक हस्तान्तरण गरेको छ ।

ट्राभल्सको केन्द्रीय कार्यालय काठमाडौंमा विहीवार आयोजित एक विशेष कार्यक्रमका वीच आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका




बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त रकम बराबरको चेक नाट्टाका प्रथम उपाध्यक्ष विनय बस्नेतलाई हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रममा आइएमई ट्राभल्सका संचालकद्वय सरिता ढकाल एवम् अर्जुन शर्मा पौडेल, प्रमुख कार्यकारी अधिकृत बिनोद सापकोटा र नाट्टाका महासचिव सुधिर उपाध्यायको उपस्थिति रहेको थियो । साथै, आइएमई ट्राभल्सले आफ्नो २५ औं वार्षिकोत्सवका अवसर पारेर पर्यटन विकासमा सकारात्मक योगदान पुर्‍याउने उद्देश्यले आन्तरिक पर्यटकहरूलाई लक्षितगर्दै बिभिन्न ग्राहकमूखी योजना ल्याएको छ । बैंकिङ्ग, रेमिटेन्स, इन्सुरेन्सलगायतका व्यावसायिक क्षेत्रमा आफुलाई अब्बल साबित गर्दै आइरहेको आइएमई समुहले पर्यटन क्षेत्रको समग्र बिकासमा महत्वपूर्ण योगदान दिँदै आएको छ । २५ औं वार्षिकोत्सवका अबसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको समग्र बस्तुस्थिति नियाल्ने पहिलो आँखापर्यटन उद्योग र यससँग सम्बन्धित क्षेत्र रहेकाले सम्पूर्ण व्यवसायीमित्रहरुलाई पर्यटन बिकासका लागि जुट्न आग्रहगर्दै कोरोना महामारीका बीच स्वास्थ्य सम्बन्धि मापदण्ड पुर्णरुपमा पालना गर्दै आफ्नो तह र तप्काबाट राज्यले निर्दिष्ट गरेका मापदन्ड भित्र रहेर अझ विशेष भूमिका खेल्न आग्रह गर्नुभयो । आइएमई ट्राभल्सका प्रमुख कार्यकारी अधिकृत बिनोद सापकोटाले पर्यटन बिकासका लागि आइएमई ग्रुपले हालसम्म खेलेको भूमिकाको स्मरण गर्दै पर्यटन बिकासका लागि आफ्नो सेवालाई द्रुत गतिमा बिस्तार गर्ने जानकारी दिनुभयो । प्रमुख कार्यकारी अधिकृत सापकोटाले कोरोनाले बाह्रय पर्यटन विस्तारमा केही ढिला हुने देखिएकाले आन्तरिक पर्यटन विस्तारलाई जोड दिँदै यससँग सम्बन्धित सम्पूर्ण क्षेत्रलाई चलायमान बनाउदै समस्त ट्रेड साझेदारहरु, ग्राहकहरू र शुभचिन्तकहरूले दिनु भएको निरन्तर समर्थन र विश्वासका लागि धन्यवाद दिदै आगामी दिनमा सवैसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो । आइएमई ट्राभल्स आइएमई ग्रुपद्वारा प्रवर्द्धित एक पुरानो कम्पनी हो ।पर्यटन क्षेत्रमा विभिन्न सेवाहरू प्रदानगर्दै आइरहेको यस कम्पनीले सन् २०१६ मा स्थापित ओमानको पहिलो बजेट क्यारिअर सलाम एयरलाइन्सलको जीएसएलिई मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकहरूलाई सहुलियत दरमा हवाई टिकट उपलब्ध गराउँदै आएको छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकलाई डेल्वा रिसोर्ट छुट

बैंक अफ काठमाण्डू लिमिटेड र डेल्वा रिसोर्ट तथा पार्टी प्यालेस बिच बैंकको डेबिट कार्ड तथा क्रेडिट कार्डको माद्यमबाट भुक्तानी गर्दा बैंकको आदरणीय ग्राहक महानुभावहरुलाई १०% छुट उपलब्ध गराउने सम्झौता भएको छ । यस सम्झौता पश्चात् ग्राहक महानुभावहरुले डेल्वा रिसोर्ट तथा पार्टी प्यालेसको सेवाहरु उपभोग वापत बैंकको कार्ड प्रयोग गरी भुक्तानी गर्दा वास्तविक मुल्यको १०% छुट पाउनुहुनेछ । डेल्वा रिसोर्ट तथा पार्टी प्यालेसले रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकाबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आईरहेको छ । बैंक अफ काठमाण्डू लिमिटेडले ९० शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

# फरवार्ड माइक्रोफाइनान्सको साधारणसभा फागुन २१ गते

काठमाडौं । फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले वार्षिक साधारणसभा फागुन २१ गते बस्ने भएको छ । माघ २५ गते बसेको सञ्चालक समितिको बैठकले ८ औं वार्षिक साधारणसभा फागुन २१ गते शुक्रबार दिउँसो ११ बस्ने निर्णय गरेको हो । संस्थाको सेयरधनी दर्ता पुस्तिका फागुन ५ गते बन्द



हुनेछ । संस्थाले आर्थिक वर्ष २०७६/७७ को नाफाबाट सेयरधनीलाई ३१.५८ प्रतिशत लाभांश दिने निर्णय गरिसेको छ । साधारणसभाले उक्त लाभांश समेत पारित गर्नेछ । संस्थाले २५ प्रतिशत बोनस सेयर तथा ६.५८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश दिने निर्णय गरेको छ । फरवार्डले हाल कायम रहेको ५० करोड ४ लाख १५ हजार ४ सय रुपैयाँ चुक्तापुँजीबाट उक्त लाभांश दिन लागेको हो ।

प्रस्तावित बोनस वितरणपछि यसको चुक्तापुँजी ६२ करोड ५५ लाख १९ हजार २५० रुपैयाँ पुग्नेछ ।

## आर्थिक

# कुमारी स्मार्टमार्फत आन्तरिक रेमिटेन्स पठाउन सकिने

कुमारी बैंक लिमिटेडले आफ्नो मोबाइल बैकिङ्ग एप्लिकेसन कुमारी स्मार्टमार्फत नै आन्तरिक विप्रेषण पठाउन मिल्ने व्यवस्था ल्याएको छ । रेमिटकर्ताले प्रापकको नाम र मोबाईल नम्बरको आधारमा देशव्यापी जसलाई पनि रेमिट्यान्स पठाउन सक्ने भन्दै बैकले रेमिट रकम प्राप्त गर्नका लागी ग्राहकले कुमारी बैंकका देशव्यापी शाखाहरु र बैंकका १० हजारभन्दा अधिक रेमिट एजेन्ट कार्यालयहरु मार्फत रकम बुझ्न सक्ने जनाएको छ । नेपालमा यस्तो सहज रेमिट भुक्तानी सुविधा सुरुवात गर्ने बैंकमा कुमारी बैंक एक रहेको भन्दै बैकले यो प्रणाली मार्फतको कारोबार सीमा भने प्रचलित मोबाइल बैंकिङ्ग दैनिक कारोबार सीमाअन्तर्गत नै पर्ने जनाएको छ ।

# नबिल बैंक र उपाय सर्भिसेसबीच सम्झौता

नबिल बैंक र उपाय सर्भिसेसबीच बैंकको ग्राहकहरुलाई उपाय प्लेटफर्ममा उपलब्ध विभिन्न सेवाहरु प्रदान गरेर लघु, साना र मझौला उद्यमलाई सहयोग गर्ने सम्झौता गरेको छ ।

यस रणनीतिक साझेदारी अन्तर्गत, बैंकका लघु, साना र मझौला उद्यमी ग्राहकहरुले कर्जाका लागि आवश्यक प्रारम्भिक कागजात तयार गर्न उपाय सर्भिसेसको सेवा लिने छन् ।

यसबाहेक उपायले सार्वजनिक सेवाको बारेमा सजिलो र पारदर्शी समाधान प्रदान गर्नुका साथै बैंकका ग्राहकलाई आवश्कता बमोजिम क्षेत्रगत विशेषज्ञको सेवा उपलब्ध गराउने बैंकले जनाएको छ । नबिल बैंकका महाप्रबन्धक राजु केसी, एसएमई तथा लघुवित्त प्रमुख निरज कुमार बस्नेत र उपाय सर्भिसेसले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

# सिटिजन लाइफ इन्स्योरेन्सको नाफा १० प्रतिशतले बढ्यो

काठमाडौं । सिटिजन लाइफ इन्स्योरेन्सको खुद नाफा १० प्रतिशतले वृद्धि भएको छ । कम्पनीले गत आर्थिक वर्षको पुस मसान्त १० करोड रुपैयाँ खुद नाफा गरेकोमा चालु आवको सोही अवधिमा ११ करोड १ लाख रुपैयाँ पुर्याएको छ । सो अवधिमा कम्पनीले बीमा शुल्क संकलन ७३ प्रतिशतले वृद्धि गरेको छ ।

गत वर्षको पुस मसान्तसम्ममा कुल ८० करोड ८८ लाख रुपैयाँ बीमाशुल्क संकलन गरेकोमा चालु आवको सोही अवधिमा १ अर्ब ४० करोड २१ लाख बीमा शुल्क संकलन पुर्याउको हो ।

कम्पनीले गत आवको पौस मसान्तमा जीवन बीमा कोष १ अर्व ४ करोड ४० लाख रहेकोमा यस चालु आवको सोही अवधिमा २ अर्व ३९ करोड ८१ लाख रुपेयाँ पुगेको छ । समीक्षा अवधिमा कम्पनीले जीवन बीमा कोषमा १ सय ३० प्रतिशतको वृद्धि गराउन सफल भएको हो ।

यसैगरी कम्पनीले जगेडा तथा कोषको आकार पनि ४२ करोड १ लाखबाट ७१ प्रतिशतले बढाएर ७२ करोड ८० लाख रुपैयाँ पुर्याउको छ । साथै कम्पनीले लगानी र बीमालेखको धितो तथा अन्य कर्जाबाट प्राप्त हुने आयमा ५४ प्रतिशतको वृद्धि गरी १५ करोड ४ लाख रुपैयाँ पुर्याएको छ ।

कम्पनीले डिजिटल सिटिजन कार्यक्रम, हरेक व्यक्तिलाई स्वरोजगार बनाउने सिटिजन स्वरोजगार अभियान र बीमाको सचेतना वढाउन विद्यार्थीसंग बीमा लगायत

नवीनतम बीमा योजना र व्यवसायिक तथा दक्ष सिटिजन लिडरहरु सहितका विभिन्न बीमा कार्यक्रमहरु ल्याउने योजनामा रहेको छ । भविष्यमा कम्पनीले वित्तीय तथा सामाजिक लक्ष्य हासिल गर्दै उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

## हार्दिक अनुरोध

**जनआकाश मिडिया प्रा.लि.ले प्रत्येक वर्ष आफ्नो वार्षिकोत्सवको अवसरमा समाज र राष्ट्रलाई योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्दै आएको छ । यस वर्षबाट साहित्य क्षेत्रलाई फराकिलो बनाउन थप १५ वटा विद्या थपेको र ती विद्याहरुको छनौटको विधि जनआकाश राष्ट्रिय साप्ताहिकमा प्रकाशित हुनुपर्ने वा जनआकाश मिडियाको कार्यालयमा दर्ता हुनुपर्ने कुरा सूचित गरिन्छ ।**

**सम्पर्क: ४१६७५७८ (बागबजार)**
**पो.व. नं.१६५६**
**मोबाइल: ९८६१५८८४५६**
Email: jana.news2065@gmail.com

# अग्रगामी राजनीतिको प्रतिगामी बाटो

गोपाल खनाल

भारतले नेपाललाई कोभिड महामारीविरुद्ध दस लाख खोप उपलब्ध गराएपछि अर्को छिमेकी राष्ट्र चीनले पनि पाँच लाख खोप उपलब्ध गराउने निर्णय गर्‍यो । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र विदेशमन्त्री वाङ यीबीच माघ २३ मा भएको टेलिफोन वार्तामा यो सहमति भयो । यसअघि चीनले तीन लाख खोप अनुदानमा उपलब्ध गराउने दूतावासले जनाएकामा विदेशमन्त्रीले थप दुई लाखसहित पाँच लाख दिने बताउनुभयो ।

त्यस्तै, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को प्रयासमा २२ लाख ५६ हजार खोप नेपालले पाउँदै छ । कोभ्यासले माघ २१ मा 'आन्तरिक वितरण पूर्वानुमान' शीर्षकका जारी वक्तव्यमा खोप पाउने १४० राष्ट्रको सूचीमा नेपाल पनि पर्‍यो । उक्त खोप फेब्रुअरी अन्तिमबाट वितरण हुँदै छ । नेपालले पाउने खोप बेलायतको अक्सफोर्ड विश्वविद्यालय र आस्ट्राजनिकाले संयुक्त रूपमा विकास गरेको हो । नेपाललाई भारतले दिएको खोप यही हो ।

स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीका अनुसार, अनुदानमा आउनेबाहेक नेपाल सरकारले आवश्यक पर्ने करिब ४६ लाख खोप भारतसँग किन्ने तयारी छ, जो ६५ वर्षमाथिका आमाबुवालाई दिइनेछरु। अर्थात् सरकार नागरिकको सुरक्षामा केन्द्रित छ र छिमेकीहरू नेपाल सरकारलाई सहयोग गरिरहेका छन ।

प्रधानमन्त्री केपी शर्मा ओलीमाथि राष्ट्रिय स्वार्थ र नागरिकको हित नहेरेको र छिमेकी सम्वन्धमा सन्तुलन कायम नभएको भनी भ्रामक प्रचार गर्नेलाई यो पछिल्लो उदाहरणले जवाफ दिन्छ । यसअघिका प्रधानमन्त्रीमाथि कि उत्तर ध्रुवका कि दक्षिण ध्रुवका भन्ने आरोप लाग्थ्यो र घटनाक्रमले तिनलाई प्रमाणित पनि गर्‍योरु। ओलीले दक्षिण र उत्तरी छिमेकीलाई सन्तुलनमा राखेरै विदेश नीति अघि बढाएका कारण नयाँदिल्ली र बेइजिङ विश्वास सम्भव भएको हो । प्रचण्ड-माधव समूह, 'स्वतन्त्र' नागरिक समाजले जसरी भए पनि ओलीलाई राजनीतिक रूपमा सिध्याउने अभियान थाल्दा पनि नागरिक समर्थन ओलीकै पक्षमा देखिएको छ । विकास र पूर्वाधारका क्षेत्रमा महत्वपूर्ण ऐतिहासिक काम भएका छन् भने नेपाली पहिचान स्थापित गर्नेतर्फ महत्वपूर्ण कदम चालिएका छन ।

ओलीलाई अजङ्गको डरलाग्दो देखाउने प्रयास स्वरूपका प्रतिक्रियात्मक कदमले स्वयम् आयोजकलाई नै पिरोलेको देखिन्छ। त्यसको उदाहरण प्रचण्डपक्षको आमहडताल, ओलीविरुद्ध प्रयोग गरिएका तीखा शब्द हुन्, जसप्रति नागरिकको रुचि देखिँदैन ।

सर्वोच्चमा बहसमा रहेको पुस ५ को प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन घोषणाको वैधानिकतामाथि ढिलोचाँडो फैसला आउँछ नै । फैसलालाई आफ्ना पक्षमा प्रभावित गर्न गरिएका अति संशय र अति विश्वास दुवै हानिकारिक छन । उता, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को आधिकारिकताको बहस निर्वाचन आयोग र सडकमा शक्ति प्रदर्शनबाट देखिँदै छ ।

निर्वाचन घोषणालाई राजनीतिक प्रतिस्पर्धामा रहेको शक्तिले प्रतिगमन भन्दै आफू अग्रगामी भएको दाबी गर्नुलाई राजनीतिक रूपमै बुझ्दा हुन्छ तर नागरिक समाजले प्रतिगमनभन्दा चाहिँ आग्रह प्रेरित भएको प्रस्टै देखिन्छरु। अझ स्वतन्त्र नागरिक अभियानको ब्यानरमा त्यस्तो नगर्दा हुन्थ्यो । यो आलेखमा प्रधानमन्त्री ओलीविरुद्ध प्रचण्ड समूहले गरेको आमहडताल, आरोप र सिर्जना गर्न खोजिएको भ्रमबारे बहस छरु। त्यसमा 'स्वतन्त्र' भनिएको नागरिक समाजको राजनीति पनि तानिएको छ ।

पहिलो दृष्टान्त : बराबरको हैसियतरु।

प्रचण्डले माघ २२ मा भन्नुभयो- केपी ओली र म बराबरका अध्यक्ष हौं, उहाँ पहिलो र म दोस्रो होइनरु। केपीले एक नम्बरको भन्छन् भन्ने लागेको भए म मान्ने थिइनँ ।

दुई कम्युनिस्ट पार्टी मिल्दा ठूलो पार्टीले बढी र सानो पार्टीले कम हिस्सा प्राप्त गर्छरु। यो केन्द्रीय पदाधिकारीदेखि तल्लो तहसम्म, पार्टीका पददेखि राजकीय पदसम्ममा लागू हुन्छ । त्यसैले नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकता भएर नेकपा बन्दा त्यसमा पहिलो अध्यक्ष ओली र दोस्रो अध्यक्ष प्रचण्ड बन्नुभएको होरु। ठूलो शक्तिसँग एकता गरेपछि सानो शक्तिको अध्यक्षले आफूलाई बराबर हैसियतको अध्यक्ष ठान्नु नै हुँदैनथ्योरु। ओली पहिलो र प्रचण्ड दोस्रो अध्यक्ष कसैले तोक्नुपर्दैन, पूर्वहैसियतले निर्धारण गर्छ ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फको मत हेर्दा पनि प्रचण्डको हैसियत आधाको त हुँदै होइन, ३० प्रतिशतको मात्र होरु। तर, उहाँले झन्डै बराबरीको हैसियत पाउनुभयोरु। निर्वाचनमा माओवादीले पाएको समानुपातिक मत करिब १३ लाख हो भने प्रत्यक्षमा जितेको सिट ३६ होरु। जब कि एमालेले करिब ३२ लाख मत पाएको थियो भने ८० सिट जितेको थियोरु। ओलीको सदाशयताले प्रचण्डले हैसियतभन्दा बढी हिस्सा पाउनुभएको होरु। त्यसैले अहिले सडकमा बराबरीको हैसियत भएको, एक र दुई नम्बरको अध्यक्ष नभनिएको र आफूले एक नम्बर मानेर गलत गरेको पश्चाताप नगर्दा हुन्छरु। प्रचण्डले यो हैसियत बिर्संदा र माधव नेपालसँग मिलेर ओलीलाई एक्ल्याउने प्रयास गर्दा अहिलेको अवस्था आएको होरु। जसको केन्द्रमा विचार छैन, खालि सत्तास्वार्थमात्र छ ।

दोस्रो दृष्टान्त : एमसीसीको नारापछि प्रचण्डको बर्हिगमनरु। प्रचण्डले माघ २२ मा भन्नुभयो- प्रतिगमनको नारा लगाउनुपर्नेमा किन एमसीसीको लगाएको ?

नेकपाको माघ २३ गतेको पूर्वनिर्धारित आमसभालाई कमजोर बनाउने उद्देश्यले प्रचण्ड-माधव समूहले अकस्मात् माघ २२ मा नेपाल बन्द आयोजना गर्‍योरु। संवैधानिक नियुक्तिको विरोधमा भनिए पनि त्यसको निशानामा ओली जनसभा नै थियोरु। किनकि संवैधानिक आयोगमा सिफारिस ४५ दिनअघि भएको थियोरु। र, प्रतिनिधिसभा नरहेको अवस्थामा संसदीय सुनुवाइ नहुने र त्यस्तो अवस्थामा ४५ दिनपछि नियुक्ति हुने प्रावधान छ ।

त्यही प्रावधानअन्तर्गत माघ २१ मा संवैधानिक आयोगका पदाधिकारी र सदस्यले शपथग्रहण गरेका हुन्रु। ओलीसभा बिथोल्ने उद्देश्यले आयोजना गरेको आमहडतालमा सहभागिता जनाउन प्रचण्ड सुरक्षाकर्मीसहित ललितपुरको पुल्चोकमा ल्यान्डक्रुजरमा पुग्नुभयो, जहाँ पम्फा भुसाल नेतृत्वको टोली खटिएको थियो ।

एकछिनमा भुँइमा बसेर दालमोठ चिउरा खाँदै उहाँ दायाँ हात उचाल्दै जिन्दावाद, मूर्दावाद भन्दै हुनुहुन्थ्योरु। एउटा नारा लागेपछि उहाँ अचानक रोकिनुभयोरु। नारा थियो- 'एमसीसी चाहिँदैनरु। एमसीसी खारेज गररु।' उहाँ झस्किनुभयो र त्यसको सङ्केत भुसालतर्फ गर्दै 'यो नारा किन लगाएको' भन्नुभयोरु। एकछिनपछि फेरि त्यही नारा लागेपछि प्रचण्ड हतार-हतार ल्यान्डक्रुजरभित्र प्रवेश गरेर बाहिरिनुभयोरु। यो दृश्य गज्जब देखियो ।

प्रचण्डको ओलीविरोधी राजनीतिका कारण एमसीसी संसद्मा बहसमै गएको छैनरु। प्रचण्डले प्रधानमन्त्रीविरुद्धको आरोपपत्रमा यो विषयलाई समेत उठाउनुभएको छ, जब कि यो सम्झौताको प्रक्रिया अघि बढाएको माओवादी-काँग्रेस सरकारका पालामा होरु। तर जब ओली प्रधानमन्त्री बन्नुभयो, दुई देशबीचको सम्बन्धका दृष्टिकोण र राष्ट्रिय हितमा भएका कारण अघि बढाउनुपर्थ्यो तर प्रचण्ड-माधव समूहले त्यसलाई रोक्योरु। यो मूलतः एमसीसीको विरोधभन्दा पनि ओलीको विरोध थियो भन्ने प्रस्टै छरु। एमसीसीको विरोधमा नारा लागेपछि असहमत भएका प्रचण्डले भोलिपल्ट प्रस्टीकरण दिने प्रयास गर्नुभयोरु। जसले खासै अर्थ राखेन ।

तेस्रो दृष्टान्त : मांसाहारीको निशाना- ट्याक्सी चालकरु। प्रचण्डले माघ ४ मा भन्नुभयो- अब शाकाहारी आन्दोलनमा मात्र पुग्ने देखिँदैनरु।

राजनीतिमा शान्तिपूर्ण शक्ति प्रदर्शन स्वाभाविक मानिन्छरु। त्यसमा पनि दुई नेकपाबीच आफू आधिकारिक र शक्तिशाली देखाउने होडलाई पनि अन्यथा ठान्नुहुँदैनरु। तर प्रचण्ड समूहले झेली खेल खेलेको आभास भयो, जब उसले जनसभाको अघिल्लो दिन आमहडताल राख्योरु। प्रचण्ड समूहले नेपाल बन्द भनेपछि सर्वसाधारण त्रसित हुने नै भए किनकि सायद उनीहरूमा जनयुद्धकालीन प्रचण्डको झल्को आयो ।

ओली विरुद्धको शाकाहारी आन्दोलनमात्र गरेर नहुने र मांसाहारी आन्दोलनसमेत गर्न निर्देशन दिनुभएका प्रचण्डको सायद त्यही निर्देशनबमोजिम आमहडतालमा बिहानै एउटा श्रमजीवीको ट्याक्सी जलाइयो, धन्न चालक कुम्भनारायण श्रेष्ठ भने बाँच्नुभयोरु। सर्वहारा वर्गको हित, अग्रगमनतर्फको राजनीति र हडतालको पहिलो निशानामा पर्नुभयो- ट्याक्सी चलाएर गुजारा गर्ने व्यक्तिरु। उहाँ भन्नुहुन्छ- ट्याक्सी जलाएको क्षण मैले केही देखिनँ, अन्धकार भयोरु। ८६ गाडी तोडफोड भए, विराटनगरमा सामान्य नास्ता पसलमा आक्रमण भयोरु। त्यसपछि प्रचण्डले घोषणा गर्नुभयो- हाम्रो आमहडताल सफल भयो ।

पहिलो, आमहडताल आफैँमा आत्मघाती राजनीतिक विरोध होरु। त्यसमा पनि हिंसातर्फ उक्साउने कथनपछि त्यसले निम्त्याउने भिडन्त नै थियोरु। आमहडताल घोषणालगत्तै सामाजिक सञ्जालमा आएको प्रतिक्रियालाई प्रचण्ड-माधवले हेर्नुभएन, हेरेको भए सायद हडताल फिर्ता लिनुपर्थ्योरु। दोस्रो, आमहडताल ओलीको जनसभामा सहभागिता नहोस् भन्नेतर्फ थियो र त्यसका लागि हिंसाको आरम्भ गर्नैपर्ने बाध्यतामा उहाँहरू हुनुहुन्थ्यो किनकि त्यसो भएपछि सर्वसाधारण त्रसित भएर जनसभामा जाँदैनन्रु। अनुमान गलत साबित भयो ।

त्यस्तो कदम लिनुभन्दा ओलीसभा हेरेर माघ २८ मा त्यहाँभन्दा विशाल गर्दा भइहाल्थ्योरु। संवैधानिक पदाधिकारीविरुद्धको आन्दोलन थियो भने सर्वोच्च अदालतमा चुनौती दिँदै त्यहीँबाट न्याय खोज्दा पनि हुन्थ्योरु। तर, बाटो गलत रोज्नुभयो र अहिले प्रस्टीकरणमै समय खर्चंदै हुनुहुन्छ ।

चौथो दृष्टान्त : प्रतिगमन कि अग्रगमन ? प्रचण्ड पक्षका सबैको भाषा छ- संविधानमा 'कू' भयो, प्रतिगमन भयोरु। ओली प्रतिगामी, हामी अग्रगामीरु। तर, यो गलत हो ।

प्रतिगमनको अर्थ पछिल्तिर फर्कनुहुन्छ । अर्थात् २०६२/०६३ को जनआन्दोलनपछि प्राप्त उपलब्धिबाट पछि फर्कनु भन्ने लाग्छ । प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरी वैशाख १७ र २७ मा मध्यावधि निर्वाचन घोषणा गर्नुभएको हो । के निर्वाचनमा जानु प्रतिगमन हो ? नेपालको पछिल्लो पहिचानमाथि कहाँनिर धावा बोलियो ? के नेपालमा राजतन्त्र पुनःस्थापित भयो ? के नेपाल हिन्दुराष्ट्र भयो ? के नेपाल सङ्घीयता छाडेर केन्द्रीकृत राज्यप्रणालीमा फर्क्यो ?

केही पनि भएको छैनरु। त्यसो भए प्रतिगमन कहाँ भयो ? प्रधानमन्त्रीले संविधानको धारा ७६ (७) र ८५ प्रयोग गरी र संसदीय प्रणालीमा प्रधानमन्त्रीको अवशिष्ट अधिकार प्रयोग गरी नयाँ निर्वाचनमा जान्छु भन्नुभयो । मुद्दा अदालतमा पुगेपछि बहस भइरहेको छ र फैसला आउँछ नै ।

संविधानले व्यवस्था गरेका मौलिक हकसम्बन्धी ३१ वटा धारामध्ये कुन धारामाथि प्रतिबन्ध लाग्यो ?

प्रेस र अभिव्यक्ति स्वतन्त्र हनन भयो ? नागरिकको शान्तिपूर्ण विरोध गर्न पाउने अधिकार खोसियो ? केही भएको छैन । जब प्रतिगमन नै भएको छैन भने आन्दोलन प्रतिगमनविरुद्ध कसरी भयो ? सापेक्षमा हेर्दा अहिले पनि जनसमर्थन ओलीको पक्षमा देखिन्छ ।

माघ २३ को जनसभाविरुद्ध आमहडतालमात्र आयोजना गरिएन, त्यसलाई प्रतिगमनसँग जोड्दै अब राजतन्त्र फर्कने, हिन्दुराष्ट्र घोषणा हुने र लोकतान्त्रिक गणतन्त्र समाप्त हुनेजस्ता प्रोपोगान्डा भयो ।

तर, प्रधानमन्त्री ओलीले त्यस्ता प्रचारविरुद्ध सचेत रहँदै लोकतन्त्रमा कड्के आँखा नलगाउन चेतावनी दिनुभयो । यस्तो चेतावनी दिनु पनि प्रतिगमन नै हो भन्न सायद प्रचण्डले भ्याउनुभएको छैन । (लेखक गोरखापत्र संस्थानका सम्पादक सल्लाहकार हुनुहुन्छन।)

# रामेछाप डायरी

## रामेछाप महिला उद्यमी संघको अध्यक्षमा अपना श्रेष्ठ

रामेछाप महिला उद्यमी संघको प्रथम अधिबेशनबाट अपना श्रेष्ठ अध्यक्षमा चयन भएकी छिन् । रामेछाप महिला उद्यमी संघको शनिबार मन्थलीमा सम्पन्न प्रथम अधिबेशनले अपना श्रेष्ठको अध्यक्षता १० सदस्यीय समिति निर्विरोध चयन गरेको छ । चयन हुनेहरुमा उपाध्यक्ष , महासचिव , सचिव र कोषाध्यमा क्रमश इन्दिरा बखेल,सरस्वती बराल , मञ्जु घिमिरे,र मेनुका खड्का महत रहेबा छन् । यसैगरि सदस्यहरूमा तारा देबि थापा,तारा देबि भण्डारी ,रिता ढुङेल ,बिपना थापा र डम्बर कुमारी भण्डारी चयन भएका छन् ।

## रामेछाप जेसिजद्वारा मन्थलीमा ब्यवसायीकता तालिम संचालन

जेसिज रामेछापले एक दिने ब्यवसायीकता तालिम तथा रि इन्जिनेरिङ् बिज्नेस् कार्यक्रम सम्पन्न गरेको छ । उधोग वाणिज्य संघ रामेछापसंगको समन्वयमा जेसिजले मन्थलीमा तालिम संचालन गरेको हो । आइतबार मन्थलीमा संचालित तालिममा ६७ जनाले सहभागिता जनाएका थिए । उनीहरुलाई ब्यवसायीकामा सफल हुनको लागि काठमाडौंबाट आएका प्रशिक्षकले प्रशिक्षण गराएका हुन ।

कार्यक्रममा मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेत, रामेछाप उधोग वाणिज्य संघका अध्यक्ष केशव घिमिरे, निवर्तमान अध्यक्ष श्याम थापा, जेसिजका प्रमुख तथा प्रतिनिधि, ब्यवसायी, संचारकर्मीहरुको सहभागिता रहेको थियो । तालिम कार्यक्रमलाई जिल्लामा ब्यवसायीकताहरुको हितको लागि संचालन गरेको जेसिजका जिल्ला अध्यक्ष जीवन कार्कीले बताए । कार्यक्रममा प्रमुख अतिथि, अतिथिहरुलाई मायाँको चिनोसहित सम्मान गरिएको थियो ।

## रामेछापका सबै बजार अनुगमनलाई कडाई गरिने

रामेछाप जिल्लाको बजार अनुगमन ब्यवस्थापनलाई कडाई गरिने भएको छ । चालु आबमा जिल्ला बजार अनुगमन समितिले गरेको कामको समिक्षा तथा भावि दिनमा गर्ने बजार अनुगमनका सम्बन्धमा बुधबार प्रमुख जिल्ला अधिकारी अर्जून कुमार शर्मा गुरागाईको कार्यकक्षमा बसेको जिल्ला बजार अनुगमन समितिको बैठकले उक्त निर्णय गरेको हो । बैठकले बजार अनुगमनका नाममा विगतमा भए गरेका कामको समिक्षा र त्यसबाट आम उपभोक्ताहरुका पक्षमा भए गरेका गतिबिधिका बारेमा पनि छलफल भएको थियो । सो अबसरमा प्रजिअ शर्माले जिल्ला अनुगमन समितिले विगतमा भए गरेका कम्जोरी हरुलाई सुधार गर्दे  बजार अनुगमनको पाटोलाई थप ब्यवस्थापन गर्दै जाने भन्दै त्यसका लागि सराकारवालाहरु सबैलाई सहयोगको लागि आग्रह गर्नु भएको थियो । उपभोक्ताको जीवन र स्वास्थ संग जोडिएको बजारको अनुगमन प्रणालीलाई हामिले जिल्लाका सवै पालीकाहरु संगको सहकार्यमा पालीका स्तरका बजार केन्द्र सम्म सहकार्य गर्न लागि परेकाले अभियानमा सहयोग गर्न पनि प्रजिअले आग्रह गर्नु भयो ।

## सुनापती गाउँपालिकाको आठौं गाउँसभा सम्पन्न

रामेछाप । तीन वटा विधेयक पारित गर्दै सुनापती गाउँपालिकाको आठौं गाउँ सभा सम्पन्न भएको छ । सोमवार सम्पन्न गाउँसभाले कृषि व्यवसाय प्रबद्धन विधेयक, न्यायिक समिति सञ्चालन ऐन (पहिलो संशोधन) र गाउँ प्रहरी संशोधन (पहिलो ऐन) विधेयक पारित गरेको हो । गाउँसभाले छ महिनाको अवधिमा गरेको कामको बारेमा प्रमुख प्रशासकीय अधिकृत राममणि काफ्ले सभालाई जानकारी गराएका थिए । सभालाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष धावा लामाले पालिकाले राखेको लक्ष्य अनुसार नै काम अगाडि बढाइएको बताए । उनले भने पूर्वाधार निर्माणमा राम्रो काम भइरहेको बताउदै कोरानाको कारण केही काम प्रभावित भएको भएपनि अहिले गति लिएको बताए ।

उपाध्यक्ष गीता विष्टले गाउँपालिकाले राम्रो काम भइरहेको बताउदै आगमी दिनमा झन प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुने बताइन ।

## दोरम्बा गाउँपालिकामा दुई दिन सार्वजनिक विदा

रामेछाप । दोरम्बा गाउँपालिकाले दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । २८५७ औं सोनाम ल्होछारको अवसरमा माघ ३० र फागुन १ गते गाउँपालिकाभित्र सार्वजनिक विदा दिने निर्णय गरेको हो । दोरम्बा गाउँपालिकाका अध्यक्ष कमानसिंह मोक्तानले विगतमाझैं यस बर्ष पनि ल्होछार पर्वको अवसरमा दुई दिने सार्वजनिक विदा दिने निर्णय गरेको बताए । गत बर्ष पनि गाउँपालिकाले ल्होछार पर्वको अवसरमा विदा दिने निर्णय गरेको थियो ।

# तामाङ राजा ह्रेन्जेन दोर्जेको इतिहास अथवा दोङह्वाप गीतको माध्यमबाट सुन्न

काठमाडौं । काभ्रे जिल्लाको ऐतिहासिक उद्गम स्थल तेमालको तामाङ राजाको जिवनीमा आधारित ऐतिहासिक गीत दोङ्ह्वाप ह्वाई तामाङ समुदायको पुराना गायक चन्द्र कुमार मोक्तानको प्रमुख आतित्थ्यतामा सार्वजनिक भएको छ । काठमाडौं तिनकुने स्थित एक क्याफेमा आईतवार पत्रकार सम्मेलन मार्फत बरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङको आफ्नै युट्युव च्यानलबाट सार्वजनिक गरिएको जानकारी दिएको हो ।

तामाङ गीत संगीतकै इतिहासमा पहिलोपटक २०३७ सालमा रेडियो नेपालमा गीत रेकर्ड गर्ने गायक चन्द्रकुमार मोक्तानको प्रमुख आतिथ्यतामा उक्त गीत सार्वजनिक गरिएको हो । गीतमा ऐतिहासिक तेमालको तामाङ राजा ह्रेन्जेन दोर्जेको परिचयसँगै ईतिहासँग सम्बन्धित बिषयवस्तुलाई उठान गरिएको छ । भाग १, २ र ३ गरी क्रमश ३/३ महिनामा सार्वजनिक गर्ने तयारी रहेको उक्त दोङ्ह्वाप अर्थात ईतिहास गीतको पहिलो भाग आइतवार २५ गते सार्वजनिक गरिएको हो । गीतका शब्द संकलक अर्थात रचनाकार हिराकाजी लामाले तेमालको तामाङ राजा ह्रेन्जेन दोर्जेको जिवनीसँग सम्बन्धीत रहेको यो गीत पहिलो ऐतिहासिक गीत रहेको दाबी गरेका छन् । बिभिन्न राजाहरुको इतिहास अर्थात जिवनी किताबमा प्रकाशीत हुने गरेकोमा गीतसंगीतको माध्यमबाट भने पहिलो पटक भएको उल्लेख गर्दै अब देश बिदेशमा छरिएर रहेका तामाङहरुले ईन्टरनेटको माध्यमबाट सुन्न सकिने बताउनु भयो ।

राजा ह्रेन्जेन दोर्जेको जिवनी सगै इहासको बारेमा जानकारी दिने किताब कहाँ पाइन्छ? यो इतिहासको बारेमा गाउँ समुदायमा कस्ले बताउन सकिन्छ भनेर सोधिखोजिरहनु पर्ने समस्याको एउटै मात्र समाधानको उपाए भनेकै अबका दिनमा दोङ्ह्वाप ह्वाई रहेको कुरा पुष्टि पारेका थिए । तामाङ्ग जाति को मुल थलो को रुपमा परीचित तेमाल को बिषयमा धेरै चर्चा परी चर्चा हुने गरेको छ । तामाङ्ग राजा ह्रेन्जेन दोर्जेको दरवार क्षेत्र भनेर चिनिने तेमाल र तामाङ्ग राजा ह्रेन्जेन दोर्जेको इतिहाँसलाई गीतको माध्यमबाट आम नेपालीहरुलाई बझाउन खोजेको शब्द रचनाकार हीराकाजी लामाले पत्रकारहरुले सोधेको प्रश्नको जवाफको क्रममा बताउनु भयो । नेपाल कुनै बेला बाईसे चौबिसे राज्यको रुपमा स-साना राज्यमा विभाजित रहेको त्यो ईतिहासको कालखण्डमा नेपाल एकिकरणको क्रममा राजा पृथ्विनारायण शाहाले ह्रेन्जेन दोर्जेले आफ्नो छुट्टै शासन चलाएको तेमाल राज्य कब्ज गर्न नसकेको र मित लगाउने बहानामा ह्रेन्जेन दोर्जेको बिभत्स हत्या गरेको ईतिहास तेमाल लगायत आसपासका तामाङहरुले कथाको रुपमा सुनाउने गर्थे भने अब त्यही बिषयबस्तु संग सम्बन्धित सबै कुराहरु गीतको रुपमा सुन्न पाइने भएको छ । तामाङ राजा ह्रेन्जेन दोर्जेको जिवनीमा आधारित ऐतिहासिक गीत दोङह्वाप सार्वजनिक कार्यक्रमका सभापति तथा शब्दकार हिराकाजी लामाले गरेका थिए भने कार्यक्रम सञ्चालन सञ्चारकर्मी एवम् सामाजीक अभियान्त सुदिन लामा दोङले गरेका थिए । उपस्थित पत्रकारहरुको प्रतिनिधित्व गर्दै मन्तव्य राख्ने क्रममा सारा खबरका सम्पादक मिलन लामा दोङले सम्पुर्ण पत्रकारहरुलाई यो ईतिहांसकै पहिलो ऐतिहासिक गीत रहेकाले समाचारको रुपमा सक्दो प्रचार प्रसार गरि देश तथा विदेशमा रहेका तामाङ तथा गैह्र तामाङहरुमाझ पुऱ्याउनको निमित्त अनुरोध गरेका थिए । हिराकाजी तामाङको शब्द संकलनमा बनेको उक्त गीतमा संगीत बरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङको रहेको छ भने यस गीतमा चन्द्रकुमार दोङको साथमा ईन्दिरा गोले गुरुङ, सोनिया लामा र रस्मी तामाङ दोङको आवाज रहेको छ । यस गीतको निर्माता सि.बि.लामा रहेको छ भने सम्पादक जिल्ला दोर्जे लामा रहेको छ । रमेश खनाल र कृष्ण विजय श्रेष्ठले प्रायोजन गरिएको दोङ्ह्वाप ह्वाईको विशेष सम्पदाक भने शंख बुद्ध लामा र मान बहादुर तामाङ रहेको छ ।

# ठन्डीमा ज्यान तताउने उपयोगी सुपहरु

आर.बि.बुढाथोकी सुसेफ सोल्टी क्राउन प्लाजा होटेल

राजधानी लगायत अहिले देशभर ठन्डी बढेको छ । ठन्डीबाट बच्ने उत्तम उपाय न्यानो कपडा लगाउनु मात्र होइन तातो तातो झोलिलो पदार्थ या सुपहरु पिएर जिउलाई न्यानो बनाउनु पनि त्यतिकै महत्वपूर्ण कुरा हो । ठन्डीमा कसरी ज्यान तताउने ? गजब काइदा हो, तात्तातो सुप, भेज खानुहोस् वा ननभेज, सबै विकल्प तपाईको निम्ती खुला छ । सुप बनाउन धेरै मेहनत गर्नुपर्दै, धेरै सामाग्री जोरजाम गर्नुपर्दैन । सामान्य सागसब्जी वा मासुको या हड्डीको सुप बनाउन सकिन्छ । ठन्डीको जाडोमा शरीरको तापमान सन्तुलन राख्छ । पाचन यन्त्रलाई सहज बनाउन्छ । अर्को कुरा त के भने,झरिको जाडो याममा हामीलाई भोक लागिरहन्छ । भोक लागे अनुसार खाने हो भने मोटोपन बढ्ने डर । तर, सुप सेवन गर्दा त्यस्तो डर पनि भएन ।

**थाइ तोमयाम सुप**

**सामाग्री :** च्याउ ३० ग्राम, लेमन ग्रास एक पोटी, लेमनको पात दुइ वटा, १० देखी १५ ग्राम अदुवा, आधा लिटर पानी, एक चिया चम्चा तोमयाम पेस्ट, एक चिया चम्च कागतीको रस, सानो एक मुठा धनिया । २० ग्राम तामा, २ वट हरियो खुर्सानी, एक चिया चम्चा चिल्ली पेस्ट, (६० ग्राम चिकन या छाछा, एक वटा गोलभेडा, एक चिया चम्चा फिस सस, स्वादअनुसार नुन, मरिच ।

**बिधी :** यसको लागि पहिला पानी उमाल्नुपर्छ । त्यसपछि लेमन ग्रास, लेमन पात र अदुवालाई त्यसमा राखिदिनुस् । त्यसलाई केही बेर उमालेपछि बाँकी सामाग्री राख्दै जानुपर्छ ।अन्त्यमा कागतीको रस र धनिया राख्नुहोस् । सुप तयार हुन्छ । यसलाई भेजमा पनि तयार गरेर सेवन गर्न सकिन्छ ।

**चाइनिज हट एन्ड सावर सुप**

सामाग्रीः मसिनो गरि काटेको बन्दा र गाजर । ६० ग्राम भेडे खुर्सानी, एक चिया चम्चा सोया सस ।

आधा लिटर पानी, एउटा अण्डा, दुई वट हरियो खुर्सानी, एक चिया चम्चा चिल्ली पेस्ट, एउटा प्यास, दुई चिया चम्चा टोमटो केचप, आधा चिया चम्चा कागतीको रस या भेनिगर । मसिनो काटेको अदवा एक चिया चम्चा, दुई टुक्रा च्याउ, एक चिया चम्चा तिलको तेल, काटेको तामा दुई चिया चम्चा, दुई चिया चम्चा कर्न प्लोर ,२० ग्राम तोफु, मसिनो गरि काटेको चिकेन ६० ग्राम, स्वाद अनुसार नुन र मरिचको धुलो ।

**बिधी :** पहिला भाडामा पाानी तताउनुस र त्यसमा जुलिएन काटेका भेजिटेवललाई राख्नुस् ।त्यसमा अदुवा, नुन, मरिचको, टिमुरको धुलो, काटेको खुर्सानी र चिकन हालेर उमाल्नुहोस् । केही समयपछि सोया सस, चिल्ली पेस्ट, केचप टमटर राख्नुहोस् ।अन्त्यमा कर्न प्लोर राखेक हल्का बाक्लो बनाउनुस् । त्यसपछि अन्डा फिट्नुहोस र कागतीको रस या भिनेगर राख्नुस् । तिलको तेलमा प्याज राखेर मिलाउनुस् । यसरी तयार पारेको सुप पिउन सक्नुहुन्छ ।

**क्वँटी सुप**

**सामाग्रीः** डेढ कप टुसाएको गेडागुडी, दुई चिया चम्चा पिसेको अदुवा र लसुन, दुई वटा हरियो खुर्सानी, एक मुठा धनियाँ, दुई चिया चम्चा तोरिको तेल, एक चिया चम्चा ज्वानो ।अधा चिया चम्चा जिरा र धनियाँको धुलो, एक वटा प्याज, गोलभेडा, आधा चिया चम्चा बेसार, स्वाद अनुसारको नुन ।

**बिधीः** पहिला प्रेसर कुकरमा तेल तताउनुहोस् । त्यसमा पहिला ज्वानो फुराउनुस र पिसेको अदुवा र लसुन राखेर भुट्नुहास् ।त्यसपछि काटेको प्याज र गेडागुडी राख्नुहोस् । त्यसलाई पूर्ण रुपमा भुटेपछि सम्पूर्ण मसला र पानी राखिदिनुहोस् । पानी उम्लन थालेपछि प्रेसरको धक्कन लगाइदिनुस् । ढकन लगाइसकेपछि मन्द आगोमा पाक्न दिनुपर्छ । तीन वा चार सिठी लागेपछि त्यसलाई निकाल्नुहोस् र धनीयाँ राख्नुहोस् । क्वाँटीमा खसिको मासको मिश्रण गराएर पनि सेवन गर्न सकिन्छ । यस्तो सुप स्वास्थ्यको लागि पनि अति उपयोगी हुन्छ ।

**खसिको खुट्टी सुप**

सामाग्रीः खसीको खुट्टा २ पिस, दुई चिया चम्चा पिसेको अदुवा र सुसन्, आधा कप मस्याङ, आधा चिया चम्चा गरम मसला धुलो, आधा चिया चम्चा बेसार, आधा चिया चम्चा जिरा, मेथी, दुई वटा तेजको पात ।डेढ चम्चा तोरिको तेल, एक मुठा हरियो धनियाँ, एउटा प्याज र गोलभेडा, आवश्यकता अनुसार पानी, एक मुठा धनियाँ, स्वादअनुसार, नुन, खुर्सानीको धुलो ।

**बिधी :** पहिला बाँकी ८ पृष्ठमा

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस् ।
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

श्रमिकको तलब बैंकमार्फत भुक्तानी गरौं, भुक्तानी प्रणाली पारदर्शी बनाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### भारतको उत्तराखण्डमा हिमताल फुट्दा १५० कामदार बेपत्ता

काठमाडौं । भारतको उत्तराखण्डस्थित चमोलीमा रहेको नन्दादेवी हिमताल फुटेसँगै अलकनन्दा नदीमा बाढी आएको छ । यो हिमताल फुट्दा भारतको अलकनन्दा नदीमा चलिरहेको ऋषिगंगा प्रोजेक्टमा काम गरिरहेका १५० कामदार बेपत्ता भएको भारतीय समाचार एजेन्सी पीटीआईले बताएको छ । यससँगै नदीको तटीय क्षेत्रका मानिसहरुलाई सजग रहन आग्रह गरिएको छ । सरकारले तटीय क्षेत्रमा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा सर्न सुझाव दिएको छ । इन्डियन एक्सप्रेसका अनुसार ऋषिगंगा परियोजनाको सुरुङमा फसेका ५० कामदारहरुको मृत्यु भएको आशंका छ । १३.२ मेगावाटको यो जलविद्युत् परियोजनाको लागि बनाइएको ड्याम पनि बाढीले बगाएको छ । अहिलेसम्म सुरुङमा फसेका तीनजनाको शव निकालिएको छ । उत्तराखण्डका मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावत पनि हिमताल फुटेको क्षेत्रमा पुगेका छन् । भारतीय प्रहरीले अहिले बिस्तारै नदीको वहाब सामान्य बन्दै गएको भन्दै तल्लो क्षेत्रमा रहेका मानिसहरुलाई खतरा नरहेको बताएका छन् ।

### म्यानमारमा सन् २००७ यताकै ठूलो आन्दोलन

काठमाडौं । म्यानमारमा सैन्य ‘कू’विरुद्ध आइतबार दोस्रो दिन पनि हजारौं मानिसहरुले प्रदर्शन गरेका छन् । अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सका अनुसार म्यानमारमा सन् २००७ मा भएको बौद्ध धर्मगुरुको अगुवाइमा भएको आन्दोलनयताकै यो सबैभन्दा ठूलो आन्दोलन हो । म्यानमारको वित्तीय राजधानी यान्गोनका सडकमा राता बेलुनहरुसहित मानिसहरुले प्रदर्शन गरिरहेका छन् । रातो रङ्गले प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीको एनएलडी पार्टीलाई संकेत गर्छ । प्रदर्शनकारीहरुले प्रजातन्त्रको माग गर्दै सैनिक शासनको विरुद्धमा नाराबाजी गरिरहेका छन् । गत सोमबार म्यानमारको सेनाले प्रजातन्त्रवादी नेता तथा सांसदहरुलाई पक्राउ गर्दै सत्ता आफ्नो हातमा लिएको थियो । सोमबार भएको ‘कू’पछि शनिबार पहिलोपटक ठूलो संख्यामा मानिसहरु प्रजातन्त्र बहालीको माग गर्दै सडकमा आएका थिए । सरकारले आन्दोलनलाई रोक्न इन्टरनेट सेवा र फोनको लाइन बन्द गरेको थियो । आइतबार भएको प्रदर्शनको विषयमा म्यानमारको सेनाले भने अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । म्यानमारमा भएको सैन्य ‘कू’को विश्वभर आलोचना भइरहेको छ ।

### सुकीलाई तत्काल रिहा गर्न माग

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङसाङ सुकीको रिहाइको माग गरेको छ । बिहीबार सार्वजनिक गरिएको विज्ञप्तिमा परिषद्का सबै सदस्य मुलुकहरु म्यानमारमा प्रजातान्त्रिक परिवर्तनको पक्षमा रहेको बताएको छ । गत सोमबार म्यानमारको सेनाले शक्ति आफ्नो हातमा लिँदै प्रजातन्त्र पक्षधर नेताहरुलाई पक्राउ गरेको थियो । यससँगै पाँच वर्षअघि जनताको हातमा आएको सत्ता पुनः खोसिएको थियो । यसअघि मंगलबार भएको बैठकमा चीनले परिषद्ले जारी गर्न लागेको वक्तव्य रोकेको थियो । बिहीबार सार्वजनिक गरिएको विज्ञप्तिमा म्यानमारमा पक्राउ गरिएका सबैलाई तत्काल रिहाइ गर्न माग गरिएको छ । साथै मुलुकका प्रजातान्त्रिक संस्थाहरु पुनःस्थापना गरिनुपर्ने, हिंसालाई प्रश्रय नदिन र पूर्णरुपमा मानव अधिकारको सम्मान गर्न परिषद्का सदस्यहरुले माग गरेका छन् । यसअघि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले यसअघि नै म्यानमारको सेनाले गरेको कू पूर्णरुपमा अस्वीकार्य रहेको बताइसकेका छन् । उनले राष्ट्रसंघले अन्तर्राष्ट्रिय समुदायसँग मिलेर म्यानमारको कू असफल गराउन सहयोग गर्ने बताएका थिए । उनले निर्वाचन भएको नतिजा स्वीकार नगरी गरिएको कू असफल हुँदै सामान्य अवस्था आउने विश्वास पनि व्यक्त गरे ।

### इरानमाथिको प्रतिबन्ध तत्काल फुकुवा हुँदैनः जो बाइडेन

अमेरिकी राष्ट्रपति जो बाइडेनले इरानमाथिको आर्थिक प्रतिबन्ध तत्काल फुकुवा नगर्ने स्पष्ट पारेका छन् । सन् २०१५ मा भएको परमाणु सम्झौता अनुसारका शर्त स्वीकार नगरेसम्म इरानमाथि अमेरिकाले लगाउँदै आएको प्रतिबन्ध फुकुवा नहुने राष्ट्रपति बाइडेनले स्पष्ट पारेका हुन् । सिबिएस न्यूजसँगको अन्तर्वार्ताको क्रममा बाइडेनले इरान नीतिमा तत्काल कुनै परिवर्तन नहुने स्पष्ट पारेका हुन् । तर इरानका सर्वोच्च नेता आयातुल्लाह अलि खामेनीले भने अमेरिकीले सबै प्रकारका आर्थिक प्रतिबन्ध फुकुवा गरेपछि मात्रै इरान सन् २०१५ को सम्झौतामा फर्किन सक्ने बताएका छन् । सन् २०१५ मा भएको सम्झौतामा इरानको परमाणु कार्यक्रम सीमित गर्ने र त्यसको बदलामा उसमाथिको प्रतिबन्ध फुकुवा हुने उल्लेख छ । अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकालाई सो सम्झौताबाट सन् २०१८ मा बाहिरिएको घोषणा गरेका थिए । उनले इरानमाथि पुनः प्रतिबन्ध लगाए र इरानले आफ्नो परमाणु कार्यक्रमलाई बढावा दिएको थियो । इरानले आफ्नो परमाणु कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि रहेको बताउँदै आएको छ । बाइडेनले अन्तर्वार्ताको क्रममा चीनसँगको सम्बन्धबारे पनि बोलेका छन् । उनले चीनसँगको तनावको कुनै अर्थ नरहेको तर दुई देशबिच तीव्र प्रतिस्पर्धा भने रहेको र रहनु पर्ने बताए । बाइडेनले राष्ट्रपतिको जिम्मेवारी सम्हाले यता चिनियाँ राष्ट्रपति सी जिनपिङसँग सीधा कुराकानी गरेका छैनन् ।

### दक्षिण अफ्रिकामा अक्सफोर्डको खोपमा रोक

दक्षिण अफ्रिकाले अक्सफोर्ड युनिभर्सिटीले एस्ट्राजेनेकासँग मिलेर विकास गरेको कोरोना भाइरस (कोभिड-१९) विरुद्धको कोरोना खोपमा रोक लगाउने निर्णय गरेको छ । दक्षिण अफ्रिकामा भेटिएको कोरोनाको नयाँ प्रकार ( भेरियन्ट)मा यो खोप कम प्रभावकारी देखिएसँगै दक्षिण अफ्रिकाले यो खोपमा तत्कालको लागि रोक लगाउने निर्णय गरेको हो । वैज्ञानिकहरुका अनुसार अहिले दक्षिण अफ्रिकाको ९० प्रतिशत संक्रमितमा कोरोनाको नयाँ प्रकार देखिएको छ । यद्यपि दक्षिण अफ्रिकाका दुई हजार मानिसमा गरिएको अध्ययनमा भने नयाँ प्रकारको कोरोनामा यो खोपले निकै कम मात्र सुरक्षा दिने पाइएको थियो । एस्ट्राजेनेकाबाट दक्षिण अफ्रिकाले १० लाख डोज कोरोना खोप पाएको थिए । आगामी साताबाट यो खोप आफ्ना नागरिकहरुलाई लगाउने दक्षिण अफ्रिकाको योजना थियो । आइतबार अनलाइन सम्मेलनमा बोल्दै स्वास्थ्यमन्त्री ज्वेली मखिजले दक्षिण अफ्रिकाले यस विषयमा विशेषज्ञहरुको सल्लाह तथा परामर्शको प्रतीक्षा गरेर अर्को निर्णय गर्ने बताएका छन् । साथै उनले आगामी दिनमा फाइजर र जोन्सन एण्ड जोन्सनले विकास गरेको खोपलाई भने मुलुकमा दर्ताको लागि आह्वान गर्ने जानकारी दिएका छन् । अक्सफोर्डको खोप विकासकी प्रमुख प्रा. साराह गिल्बर्टले यो खोपले नयाँ प्रकारको कोरोनामा संक्रमण नियन्त्रण गर्न नसके पनि गम्भीर रोग लक्षणबाट भने बचाउने बताएकी छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# दामोदर ढकालको महाकाव्य पारु र दारु



**पाइलो एक**
**मंगलाचरण**

दर्शन यमराज
स्वर्गको गर्छु माग
बस्दिन म नर्कमा
विस्मातमा न हर्कमा ।

यमदुत : यमराज एउटा जडिया नरक जान मान्दैन । म यमराजलाई भेट्न चाहन्छु भन्छ ।

यमराज : ऊ यहाँ आउँदा नि दारुले छोडेको छैन ?

यमदुत : छैन सरकार, उसको छाला मासु हड्डी सबै दारु भैसकेको छ सरकार । उसले नपिउँदा नि मात्छ र दारु गन्हाउँछ ।

यमराज : हाम्रा सिपाहीहरूले तह लगाउन सकेनन् त्यसलाई ?

यमदुत : सरकार कोर्रा हान्दा रगत होइन दारु नै झर्छ त्यसको शरीरबाट । दारुको गन्धले मात्तिइसके हाम्रा सिपाहीहरू । उसको एउटै माग छ , 'म यमराजलाई भेट्छु ।

यमराज : पठाइदेऊ

यमदुत सिपाहीहरु भएको ठाउँमा जान्छ र भन्छ , 'त्यसलाई पठाइदेऊ महाराजकोमा ।'

सिपाहीहरूले छाडिदिन्छन् ।

ऊ हल्लिदै यमराजको खोपीमा पुग्छ । र कविता गुन्गुनाउन थाल्छ :-

जन्मनु किन मर्नुलाई रैछ सत्य छ वचन
मोटाको थिए बलियो भन्थे रुइ रैछ वजन
उडेर आए बत्ताइ ल्याए निर्दयी सिपाही
हातमा दिए गर तैले भनि नर्कको भर्पाई ।१।

मानिन मैले नरक जान कुटेनी बेस्सरी
रगत छैन जमिन भिज्यो दारुनि ओखती
गन्हायो दारु मातिए सेना पठाए यता नि
नरक जान्न सजायँ भोग्न मरे नि मर्छु नि ।२।

गरिन गल्ति जीवन भरि कोर्राले हान्यौ नि
बगेन् रगत सबैले देखे अचम्म परे नि
मलाइ डर के लाई छर मरेर आएको
कसुर छैन उठाई यहाँ किन नि ल्याएको ? ।३।

बनमा रुख , सोझाको दुःख ठाले नि पापीले
यमको लोक, मान्छेको शोक उठाए जालीले
आतङ्ककारी भेला नै पारी यमदूत भर्ना
मानेछौ अब भनेर पैल्यै दिनु नि सूचना ।४।

तानेर ल्यायो कार्रा नि ख्वायो जकायो नर्कमा
यसरी सोझा, अभागी मोरा परेका मर्कामा
जादिन मता नरक तिर फर्कन्छु धर्तिमा
पिउँछु टन्न मातेर लड्छु कान्छिको भट्टिमा ।५।

यमराजः रोक तेरो कविता यो कविता सुनाउने ठाउँ हो । नेपालका पधानमन्त्रिले कविता लेख्छन् भन्ने जानकारी थियो । जडिया नि कविता पो सुनाउँछ त नेपालबाट आको । के नेपाली काम गर्ने भन्दा कविता लेख्ने बढी गर्छन कि क्या हो । भन तेरो नाम के हो ?

ऊ : दारु शर्मा हो हजुर मेरो नाम ।

यमराज : धनपति धनी नभएका पनि हुन्छन् , गरिबप्रसाद धनी भएको पनि हुनसक्छ , कुबेर टाट पल्टेर सुदामा बनेको सृष्टिमा तेरो त नाम अनुसारकै काम रहेछ त ?

दारुः यमराज मैले नाम चम्काए त के बिग्रियो । अनि अर्को कुरा सुन्नुहोस् , नेपालमा दारु बनाउने सिप भएका जनशक्तिले भरिएको मुलुक हो हो । यहाँ टोल टोल र उस्तै परे घर घरमा दारु बनाइन्छ । नेपाली देवतालाई नि दारु चढाउँछन् र आफू पनि प्रसाद मानेर खान्छन् । यहाँ पान पसलदेखि ठूला पाँचतारेमा पनि दारु पाइन्छ र मज्जाले खाइन्छ । नेपालीले दारु खाएपछि नै हो राजनीति गर्ने र कविता लेख्ने दारु नपिउँदा शुद्ध राष्ट्रिय भाषा बोल्न नजान्नेले अन्तराष्ट्रिय भाषा अंग्रेजी बोल्छन् ।

यमराज : हँसाउँदो रहेछस् । तेरो एकछिन् गफ सुनेर नर्कमा चुट्किला भन्न पठाइदिन्छु म ।

दारु शर्मा : म के हँसाउछु र हाम्रो देशको प्रधानमन्त्रिको भाषण हाँस्नको लागि सुन्छन् जनता । उहाँको भ्यागुतीको प्रसङ्ग सुन्दा झण्डै म सिधै यहाँ आएको ।

यमराज : त्यतिबेला आएको भए दारु नखाको बेला पथ्यो होला बरु तेरो ।

दारु शर्मा : सर नेपालमा एउटा शब्द बहुत पपुलर छ । त्यो के भने फूल टाइमर । यहाँ पार्टिका कार्यकर्ता मात्र फूल टाइमर छन् । म पाटिको कार्यकर्ता नभए पनि फूलटाइमर जडिया हुँ । मेरो नशा नशामा दारु बग्छ अनि म हर समय दारुको नशामा बग्ने गर्छु । तसर्थ मेरो यौवनावस्थाको उपहार यो दारु सधैं मेरो साथी छ , सहयोगी छ अनि सहयात्री छ ।

यमराज : यो तेरो कथा व्यथा सुन्ने ठाउँ होइन् । गरीव राष्ट्रका हरेक मान्छेका कथा व्यथा हुन्छन् । तीहारमा त तेरो देशमा ओखर मानेर मलाई नि फुटाउँछन् नि तेरा दिदीबहिनीले । दुबो र तेलले बाटो पनि छेक्छन् । त्यो भनेको कस्तो भने नि भष्ट्र नेताले नियुक्ति गर्ने अख्तियार दुरुपयोग आयोग जस्तै हो ।

दारु शर्मा : जसरी नेपालमा भष्टाचार रोकिएको छैन् । त्यसैगरी हजुरले म जस्ता सोझा र इमान्दार छानेर चाँडो चाँडो ल्याउन छोड्नु भको छैन । महाराज बरु यहाँ शौचालय कहाँ छ ।( उसले हात जोड्दै सोध्छ) ।

यमराज : यहाँको शौचालय सिर्फ मैले मात्र प्रयोग गर्न मिल्छ । तेरो कि नर्कमा कि स्वर्गमा मात्र छ शौचालय ।

दारु शर्मा : सरकार आइहाल्यो भने मात्र । अघि हजुरका सैनिकले कुटे । दारु छचल्किएर ग्याँस उत्पन्न भयो । कतै ग्याँस सँग ठोस् पनि निस्कन्छ कि भन्ने डरले । (लामो ग्याँस छोड्यो उसले) ।

यमराजः दारु मात्र गन्हाउछस् भन्या तँ त कुहिएको अण्डा, भट्मास छ्या....। (यति भन्दै यमराज ढल्यो ) ।

फेरी उसले अर्को पटक ग्याँस छोड्यो । यमराजले खुट्टै तन्कायो ।

ऊ गलल्ल हाँस्यो । जाबो पाद नपचाउने यमराज हुने । असल र सिधा मान्छेलाई छानी छानी ल्याउने , व्याभिचारी , भष्टाचारी , बलात्कारी , अत्याचारीलाई चाँही नेपालमै छोड्ने । ल्याओस पनि कसरी ? विचराको दमै रहेनछ । हुन त यमलोक भनेको स्वर्ग र नर्क पठाउने चौकी न हो । चौकीमा पुलिसले आरोपितलाई तँ भने झैं मरेका मान्छेलाई तँ भन्न पाएकै छ विचराले । विचार ग्याँसले नै ढल्यो । प्रहरिले प्रयोग गर्नै टियर ग्याँस जडियाँको पादबाटै अनुसन्धान गरेर बनाएको हुनुपर्छ । ऊ पुनः हाँस्यो ।

उसले यमराजको टेवलमा सुनको कलम र कति राम्रो डायरी देख्यो । कुर्सी र टेबल पनि राम्रा थिए । उसलाई कुर्सीमा बस्न मन लाग्यो र अगाडि बढ्यो । ऊ बस्नै लाग्दा सोच्यो राजा ज्ञानेन्द्रले सत्ता छाड्ने बेलामा बसेको कुर्सीमा नेपालका पत्रकार हानाथाप गर्दै बसेर फोटो खिचाएका थिए । जनताको लागि राजा ज्ञानेन्द्रले सत्ता छोडिदिए तर पत्रकारले गर्वको अनुभूति गरे । उनले बसेको कुर्सीमा बसेर फोटा खिचाउन पाउँदा । उसलाई अर्काको कुर्सीमा बसेर गर्वको अनूभुति गर्नू थिएन । मुतको न्यानो क्षणिक न हो । उसले डायरी र कलम मात्र तान्यो । उसले कुर्सीको मोह त्याग्न सके मात्र संसार बदलिन सक्छ ठान्यो र सोच्यो भगवानलाई त कुर्सीको मोह थिएन् । भगवान शिव हिँउ माथि पलेटी कसेर बस्छन् । भगवान विष्णु कमलको फूल माथि बस्छन् । ब्रह्मा कहाँ बस्छन् थाहा छैन ब्रह्मास्त्र भन्छन्, सायद हतियार बनाउन आरनमा बस्लान् , सृष्टि गर्ने भगवान हुन् सायद कहिले पहाडको ढुङ्गामा बस्लान्, कहिले नदीको किनारमा बस्लान्, कहिले कता बस्लान्, कहिले कता बस्लान् । यस्तै कुरा सोचेर एक्लै ऊ हाँस्यो ।

ढलेका यमराजको छेऊमा बस्यो र डायरी पल्टायो । डायरी खाली थियो । खाली डायरीमा सुनको कलमले कविता लेख्न थाल्यो ।

श्रीमान् यमराज
मलाई यहाँ ल्याएर गल्ति गऱ्यौ
त्यो आधा गिलास दारु
मलाई हेरिरहेछ
त्यो जुठो दारु कसैले पिउँदैन
कति मिहिनेत गरेर
पैसा जुटाको थिए त्यो किन्न
पेटभरि भोक थियो
बसाउन लागेको थिए भात
ठिक्क पारेको थिए
तरकारी पकाउन टुक्रुकेको मस्यौरा
तर आगो फुकिन् मैले
शरीर तताउन र भोक मेटाउन्
त्यही चामल र मस्यौरा बोकेर
भट्टी पुगे
भट्टिवाल्नी त्यो चामल र मस्यौरा देखेर
मुसुक्क मुस्काई
पैसा लाने कि दारु खाने
कति नम्र बोलेकि थिई त्यो दिन
मैले दारु देऊ भन्दा
फेरी मुस्कुराएकी थिई
अरुबेला गिलासको निक्कै तल दिन्थी
तर त्योदिन भरिहालिदिई
अलिकति गालेको अचार
पन्ध्रदाना जति भट्मास
र थोरै अमलेट पनि दिई

उसका सिगाने छोराछोरी भन्दै थिए
मामु, आज खोले होइन
जाउलो खाने है
म तिर हेरेर मुसुक्क मुस्कुराउदै
मैले ल्याइदिएको चामल
पखालेर बसाल्न लागेकी थिई
म पनि खुशीले
चारगेडा भट्मास
मूलाको अचार
र अम्लेटको टुक्रा खाएर
दुई स्वाटमा पुरै गिलास
रित्याउन खोज्दै थिए
तर आधा गिलासमै ढले
किनकि
उसले खुसीले ओरजिनल दिएकी थिई
मिसावट थिएन त्यसमा
तब म ढलेँ
म घर पुगिन्
यहाँ आइपुगेछु ट्रिपमा
जब ट्रिप सकियो
यमराज !
तपाईका सिपाहीले कोर्रा लगाउँदै थिए
कोर्राको चोट बाट
रगत होइन दारु निस्कदै थियो
म छक्क थिए
सबै छक्क थिए
मेरो नाम अनुसार नै
दारु बगिरहेको थियो शरीरबाट
मेरो शरीर दुखेन कोर्राले
मेरो छाला दारुले संवेदनहिन बनाएको थियो
बरु दुख्यो हजुरका सिपाहीलाई
पसिना निकाले
माफी चाहन्छु यमराज
तिमीसँग बिन्ती छ
कि स्वर्ग बस्न देऊ
कि धर्तिमा पठाइदेऊ ।

छ्या मैले के लेखिराख्या होला कविता । कही यमराजले कविता बुझ्छ । नेताहरूलाई जतिसुकै व्याङ्ग हानेर जति नै कविता लेखे पनि नेताहरूलाई फरक पर्छ ?बेकार टाइम मात्र खराब भो मेरो यमराजलाई कविता देखाउनु र राँगो खोजेको भैंसीलाई साँढे देखाउनु एउटै हो ।

उसले लेख्न छाडेर यमराजको शरीर छाम्यो । चिसो भैसकेको छ यमराजको शरीर । ला मरेछ यमराज खतम भयो । अब के गर्ने होला ? ऊ बाहिर निस्कियो यमदूतहरू र सिपाहीहरू पनि ढलेका छन् ।

अरे ! मलाई कतै कोरोना त थिएन ? मेरो शरीर क्षमतावान थियो । तर यी सबै मरे । शायद शरीरमा क्षमताको कमी भयो । यिनीहरूको श्वास प्रश्वासमा गंभिर समस्या रहेछ । विचराहरू गए । लास भए ठाउँमा पनि दूरी कायम गर्नुपर्छ भनेको थियो रेडियोले । ऊ एक्लै डरायो । फेरी रेडियोमा भनेको सम्झियो, 'कोरोना अथार्थ कोभिड १९ को प्रभाव वयष्कहरूमा उच्च दरले देखापरेकोले वृद्ध-वृद्धाले अझ सावधानी अपनाउनु होला ।'

हो त नि यी त कति बूढा बूढा नि । हाम्रा वंशज जतिलाई ल्याउने पनि यिनै त हुन । पक्कै कोरोनाले नै मरे । अब के गर्ने होला सृष्टिको चक्र त रोक्नु भएन ।

उसले यता उता हेऱ्यो । यमराजको टेवलमा सुनै मोबाइल देख्यो । मोबाइल तान्यो र हेऱ्यो । बाइफाइ कनेक्ट रहेछ । अब विज्ञापन गर्नुपऱ्यो । इमेल पनि पठाउन मिल्ने मोबाइल रहेछ । संसारमा भएका सबै पत्रिकालाई फरवाड गरिदिनु पऱ्यो । उसले विज्ञापन लेख्न थाल्यो ।

आवश्यकता ! आवश्यकता ! आवश्यकता !

कोरोना भाइरस अथार्थ कोभिड १९ को संक्रमणबाट पृथ्वीलोकमा जस्तै यमलोकमा पनि महामारीको रुप धारण गरि यमराज, यमदूत, तथा यमसिपाहीहरुको मृत्यु भएको्ले सृष्टिलाई निरन्तर चलाइराख्नु पर्ने भएकोले निम्न कर्मचारीहरूको माग गरिन्छ ।

| क. स. | पद | संख्या |
|---|---|---|
| १ | यमराज | १ |
| २ | यमदूत | ७ |
| ३ | यमसिपाही | ५० |

योग्यता

१, यमराजको लागि गाउँघर र देशमै कस्तो यमराजको वृद्धि भएको रहेछ भनेर कम्तीमा एक हजार चोटी सराप खाएको हुनुपर्ने ।

२, यमदूत हुनको लागि स्थानिय रुपमा यमराज कहलाएको मान्छेको चम्चे, हुक्के र वैठके भई अहोरात्र चुक्ली र चाप्लुसीमा खटेको हुनुपर्ने ।

३, यमसिपाहीको लागि बाहिर केही गर्न नसक्ने तर भित्र भित्र रिसाउने र मरेको मान्छेलाई ठिक्क पऱ्यो भनि एकान्तमा रिस पोख्ने ।

तलब सुविधाहरु

१, यमराजलाई आवास सुविधा सहित ५ लाख यमडलर

२, यमदूतलाई आवास सुविधा, भ्रमण भत्ता र २ लाख यमडलर

३, यमसिपाहीलाई आवास सुविधा, भ्रमण भत्ता र १ लाख यमडलर

परिक्षाको प्रकार

अन्तर्वाता

नोटः - अन्तर्वातामा सहभागी हुन आउँदा अनिवार्य मास्क, चस्मा र सेनिटाइजर लगाएर आउनुपर्ने छ ।

पदपूर्ति विभाग

यमलोक ।

विज्ञापन टाइपिङ गरिसकेर उसले पत्रिकाको इमेल आइ. डि.मा फरवार्ड गऱ्यो । र मोवाइल त्यही छाडेर यमराजको कार्यकक्षबाट सयन कक्षतिर गयो । त्यहाँको पलङ्ग देखेर ऊ छक्क पऱ्यो । प्रचण्डले प्रधानमन्त्री हुँदा किनेको महङ्गो पलङ्गभन्दा त्यो कति राम्रो राम्रो । ऊ फेरी अतिथि कषभित्र छिऱ्यो त्यहाँ पनि शानदार पलङ्ग थिए । उ पेरी भान्साघरमा छिऱ्यो । भान्साघरमा अत्यन्त सफा देख्यो । त्यहाँ सानदार टेबल र कुसी थिए तर पकाउने भाँडाकुडा र चुलो थिएन । उ छक्क पऱ्यो । न पकाउने चुलो, भाडाकुडा कसरी भान्साघर । उसले चारैतिर हेऱ्यो । भित्तामा लेखिएको थियो 'अतिथि गढले मनले चिताउनुहोस् तपाईले चिताएको प्राप्ति हुनेछ ।' उसले आफूले खाँदै गरेको सामाग्री सम्झियो । तत्कालै आधा गिलास रक्सी , भट्मास, अचार र अमलेटको टुक्रा टेबलमा देखा पऱ्यो । उसले ती चीज स्वाद मानेर खानथाल्यौ । उसलाई झ्याप पाऱ्यो । ऊ हल्लिदै गएर अतिथि कक्षको पलङ्गमा सुत्न पुग्यो ।

यमको लोक सून्य छ चोक यम नै सुतेका
के भयो होला बुझन गाह्रो आपत परेका
सजायँ सुन्न पर्खने मान्छे कता पो हराए
के दशा लाग्यो कठै नै यम कोसँग डराए ।१।

इज्जत शान कसले हऱ्यो निरिह बनाए
चोट त केही देखिन्न त्यहाँ कसरी ढलाए
लोक नै हाक्ने शासकलाई अफठ्यारो पारेर
नसोचे हुन्थ्यो कसैले पनि फालेछु मारेर ।२।

मृत्यु नै जित्ने बरदान् थियो ढले नि विचरा
दुष्मन कडा आएछ बरै गले नि विचरा
सैनिक दूत सबैनै ढले आपत परेर
व्यूझदा खेरी नमानि लाज खडा नै भएर । ३।

जसले ढाल्यो उसैले जल छर्केमा व्युझने
रिसले आगो भएर कतै ऊ माथि खनिने
डरले मेरो सातोनै गाछ कसरी बाँच्ने हो
उसको चित्त बुझाउन् सके मज्जाले हाँस्ने हो ।४।

माथिको कुरा काटनु हुन्न मिलाउनै पर्छ
सम्झाई हेर्छु के भन्दो रैछ जेपर्छ त्यै
टर्छ नेपालबाट आएको भन्थे सोझो नै
होला नि

क्रमशः

विषादी सुरक्षित प्रयोग गरौं र स्वास्थ्य रहौं

- जीवनशक विषादीहरु निःसन्देश जीवनघाती हुन् । होसियारसंग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रुपमा लिनु पर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरु तथा निर्देशनहरुअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- केटाकेटीहरुलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनहुदैन ।
- विषादी अन्तिम प्रयोग वा वाली भित्राउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरु तथा प्रयोग हुने बालीहरुबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्र, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. ०१-५२२३५०
ईमेल : malcprovince2@gm,ail.com

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


**खेत.........**

पार्टी होस वा प्रतिपक्षमा भएको पार्टी नै किन नहोस् । वा बिद्रोहमा रहेर कुनामा लुकेर त्रास फैलाउने पार्टीहरु नै किन नहुन तिनिहरुले भन्ने गरेको राष्ट्रिय स्वतन्त्रता र स्वाधिनताको रक्षा भन्ने शब्दले यो देशका नागरिकहरुमा शब्दजाल भन्दा अरु केही दिएको देखिदैन । आजसम्म राष्ट्रियस्तरका कुनै कलकारखाना खोलेर देशका नागरिकहरुलाई रोजगार सृर्जना गरेका छैनन् । कृषिप्रधान देशमा जो दिनरात कृषिमा खट्छन् उनिहरुको परिवार कृषिपेशावाट पालिएको छ की छैन ? भनेर कसैले खोजि नीति गरेको देखिदैन । एउटा मल कारखानासमेत नेपालमा छैन । सधै बिदेशवाट आयात गर्ने र प्रयोग गर्ने परनिर्भरमुखी मनोबृतिले नेपालको राष्ट्रियता कमजोर भएको देखाउछ ।

कहिले हुन्छ आत्मनिर्भर देश ?

दिर्धकालीन सोच राखेर योजना बनाई कुनै स्वार्थ नराखि देशका जनतालाई स्वलम्बन गराउछु भनि काम थाल्ने हो भने नेपाल देशलाई आत्मनिर्भरमुखी बनाउन धेरै समय लाग्दैन भन्छन् नेपालका स्वलम्बी बनीसकेका कर्मशील नेपालीहरु उनिहरुले हरेक क्षेत्रमा सम्भावना नै सम्भावना देखेका छन् । तर राजनीतिक पार्टीहरु सरकारमा जान तछाड मछाड गर्ने र सरकारमा गएर गर्ने क्रियाकलापले समग्र समाजलाई असर पारिरहेको प्रति जनतामा निरासा छाउनु स्वभाविक हो । उनिहरुकै भनाईमा यस्ता जनतालाई निरास पार्ने क्रियाकलापले आत्मनिर्भर देश बनाउन सकिदैन ।

आत्मनिर्भर देश बनाउन गफ होईन काम धेरै गर्नुपर्छ । तर नेपालमा बिकासका लागि गरिने काम देश र समाजमा प्रत्यक्ष लाभहुने कामहरुमा राजनीतिक पार्टीहरुका संगठनको गैर क्रियाकलापले कामभन्दा गफ बढी गरेर समय बिताउने चलन छ । त्यो तरिकावाट नेपालले बिकास र आत्मनिर्भर देश बनाउने कुरामा बाधा पुऱ्याउछ ।

अहिले पछिल्लो आन्दोलनमा देखिएका दुईवटा राम्रापक्ष

बिगतमा आम हडताल, बन्द भन्ने बित्तिक्कै मानिसहरुमा त्रास सृर्जना भएको हुन्थयो आन्दोलनकारीहरुले पनि त्यस्तै अराजकता सृर्जना गरेर तोडफोडमा उत्रिन्थे प्रहरीले पनि तोडफोड गर्दै हिड्ने आन्दोलनकारीहरुलाई मर्नसन्न गरी कुटथे तर यो पछिल्लो एकहप्तामा देखिएको आन्दोलनमा मार्चण्ड समुहले गरेको आमहडतालमा रामेछाप जिल्लाको सदरमुकाममा जम्मा भएका आन्दोलनकारीहरुले सडक बढारेर रचनात्मक गरेको एउटा राम्रो काम अर्को शक्ति प्रदर्शन गर्न प्रधानमन्त्री केपी शर्मा ओलि समुहले दरवारमार्गमा प्रचारको लागि आफैले टागेका कागजका टुक्राहरु भोलिपल्ट सोही समुहका आन्दोलनकारीहरुले सफा गरेको अर्को काम यि दुईवटा यो हप्ता आन्दोलनकारीहरुले गरेको राम्रा कामहरु थिए ।

यो भन्दा राम्रो काम गाउ गाउमा बाजो रहेका बारीहरुमा हजारौको संख्यामा जम्मा हुदै कृषिलाई आधुनिकीकरण गरेर समुहिक खेतिको बिकास गर्न पनि लागेको खण्डमा जनताले राम्रो मान्छन् । त्यो काम गर्न सडकमा जम्मा हुन तयार मानिसहरु तयार छन्की छैनन् । ति बाझा बारी खनाउन, ठुला उधोग खोल्न नेताले भन्दा मान्ने जनताहरुलाई लगाएर छिट्टै देश बिकास गर्न लगाउन ढिलो गर्नु हुदैन । ति हिजो अस्ति सडकमा नेताको भाषण सुन्न आएकाहरुलाई बाझो बारीमा खनेर अन्न रोप्न लगाउनुपर्छ त्यो काम गर्न पनि तिनै नेताहरुले लगाएमा मान्छन् होला त्यो काम गरिहाल्नुपर्छ । यस्तो काम पनि गरौन । नेता जनता मिलेर ।

**स्रोत.......**

उनको भनाई रहेको थियो ।

नीजि क्षेत्रलाई राज्य तथा यसका निकायहरुबाट हेर्ने परम्परागत दृष्टिकोणले समस्या पारेको बताउँदै उहाँले निजी क्षेत्र व्यवसायिकमात्र हुन्, नाफाका लागि मात्र काम गर्छन्, सामाजिक उत्तरदायित्व लिदैनन् भन्ने परम्परागत धारणालाई परिवर्तन गर्नुपर्ने छ ।

तर, यस नगरपालिकामा मैले त्यो नितान्त भिन्न पाएको छु । निजी क्षेत्रलाई सरकारको विकासको साझेदारको रुपमा हेर्ने उहाँको यस दृष्टिकोणले हामीलाई हौसला मिलेको छ । साच्चिकै उत्साहित बनाएको छ, उनले नगरपालिका प्रशंसा गरेका थिए ।

यसरी निजी क्षेत्रलाई विकासको साझेदारको रुपमा हेर्ने हो भने हामीले धेरै भन्दा धेरै रोजगारी सृजना गर्ने, राजश्व संकलन गर्ने र पूर्वाधार विकासमा साझेदारको रुपमा काम गर्न सकिन्छ । सबै स्थानीय तह, प्रदेश तथा केन्द्रको यस प्रकारको व्यवहार हामी निजी क्षेत्रले अपेक्षा गरेका छौं । यसले मात्र हामीलाई विकास र सम्मृद्धिको बाटोमा सहकार्य गरेर अगाडि बढ्न सहयोग पुग्ने आफूले विश्वास लिएको बताएका थिए ।

उनले तुलसीपुर उद्योग वाणिज्य संघको २६औँ साधारणसभा अधिवेशनसहितको साधारणसभा भएको हुनाले यस साधारणसभाले सक्षम नेतृत्व चयन गर्न सकोस् भन्ने कामना गरेका थिए । उनले नेपाल उद्योग वाणिज्य महासंघको भर्खरै सम्पन्न ५४औँ वार्षिक साधारणसभामा आफूलाई विजयी गराउन भूमिका खेल्नुहुने तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष तथा पदाधिकारीहरुलाई धन्यवाद व्यक्त गरेका थिए ।

**पत्रकार.....**

जिम्मेवारीपूर्वक काम गर्न आग्रह गर्दै उनले पत्रकारले समाजमा सही सूचना प्रवाह गर्नका लागि मात्र आफ्नो कलम अघि बढाउन सुझाव दिए। आगामी वर्षको नीति तथा कार्यक्रमका लागि प्रतिनिधिमूलक ढङ्गबाट पत्रकार लाई छलफलमा बोलाइ कार्यक्रम अघि बढाउने पनि उनले बताए ।

विगतका वर्षमा जस्तै आगामी दिनमा पत्रकारले आफ्नो हकअधिकार स्थापित गर्नका लागि आन्दोलन गर्नुपर्ने अवस्थाको कानूनीरुपमा नै अन्त्य गरिने उनको धारणा थियो । हाल रु पाँच करोड रहेको पत्रकार कल्याणकारी कोषका लागि रु पाँच करोड थपेर रु १० करोड बनाएर बहुवर्षीय कार्यक्रमका रुपमा अघि बढाउने पनि मन्त्री गुरुङले जानकारी गराए ।

कार्यक्रममा काठमाडौँ महानगर पालिकाले पत्रकार उपचार कोषका लागि सो शाखालाई रु १५ लाखको चेक हस्तान्तरण गरेको छ । नगर प्रमुख विद्यासुन्दर शाक्यले चेक हस्तान्तरण गर्दै समाज रुपान्तरण लागि मुख्य भूमिका निर्वाह गर्ने पत्रकारलाई सहयोग गर्न पाउँदा आफू खुशी रहेको बताए ।

कार्यक्रममा विभिन्न क्षेत्रमा कलम चलाएका अग्रज पत्रकारलाई पुरस्कार वितरण एवं सम्मान गरिएको छ । सम्मान पाउनेमा राजेन्द्र स्थापित, शम्भु श्रेष्ठ, बलराम थापा, निर्मला शर्मा, देवेन्द्र चुँडाल, विश्वराज किरात, इन्द्र रिजाल, निरोधराज पाण्डे, ज्ञान उदास, ईश्वरीप्रसाल वाग्ले, टिवी विरही, गोपाल बुढाथोकी, दामोदरप्रसाद दवाडी र मानध्वज लामा रहेका छन् । कार्यक्रममा पत्रकारिता नामक स्मारिकाको विमोचना गरिएको थियो ।

**ठन्डीमा....**

प्रेसर कुकरमा तोरिको तेल तताएर त्यसमा मेथी फुराउने । अनि अदुवा, लसुन, तेज पात प्याज राखेर केहीवेर भुट्ने । त्यसमै काटेको खसीको खुट्टा राखेर चलाउने ।त्यसपछि मसला र पानी राखेर उमाल्ने । केही समयपछि मस्याङ राख्ने र प्रेसरकुकर बन्द गर्ने ।

प्रेसरमा ७ वा ८ सिठी लागेपछि अगोबाट वाहिर निकाल्ने । त्यसमा धनिया राखेपछि खसिको स्वादिलो खुट्टी सुप तयार हुन्छ ।

**किशोरीहरुको आवद्धता, उज्जवल भविष्यको सुनिश्चितता ।**

हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



रवि लामा
युवा समाजसेवी तथा प्रोपाइटर
अमिशा निर्माण सेवा
जुगल गा.पा.७, सिन्धुपाल्चोक


हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



विक्रम तामाङ
समाजसेवी
जुगल गा.पा.७, सिन्धुपाल्चोक

संसारको हरेक ठाउँबाट नेपालमा पैसा पठाउनको लागि भरपर्दो माध्यम



www.prabhumoneytransfer.com.np
prabhu Money Transfer
प्रभुको इच्छा

हार्दिक शुभ-कामना

२८५७ औं लाङ ल्हो सोनाम ल्होछारको सुखद अवसरमा देश–विदेशमा रहेका तामाङ समुदाय लगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि , सुस्वास्थ्य दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



धावा तामाङ
अध्यक्ष
सुनापति गाउँपालिका परिवार
हिलेदेवि, रामेछाप

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पो.व. नं.१६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस